# धर्मकीर्ति

## THE DHARMAKIRTI

A BUDDHIST MONTHLY


मंसीर पूर्णिमा



सयादो उ. सुमंगलालंकार समक्ष धम्मवती गुरुमांले उपहार चढाउनु हुंदै ।



त्रिपिटकधर उ. सुमंगलालंकारका साथ धर्मकीर्ति विहारका गुरुमांहरु


वर्ष- २० अङ्क- ८ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

# अपूर्व स्मृति सम्पन्न भिक्षु उ सुमंगलालंकार

विश्व शान्ति विहारका प्रमुख भिक्षु ज्ञानपूर्णिक महास्थविरको निमन्त्रणामा म्यानमारका त्रिपिटकधर भिक्षु उ सुमंगलालंकारको आगमन बुद्ध जन्म भूमी नेपालका बुद्ध अनुयायीहरूका लागि ऐतिहासिक एवं सुखद र गौरवको कुरा हो। यस्ता महान प्रतिभाशाली भिक्षुहरूको आगमनले बुद्ध जन्मभूमीका बुद्ध शिक्षा अनुयायीहरूका लागि हौसला जाग्ने नै भयो। बर्मा, श्रीलंका र थाइलैण्ड थेरवादी बौद्ध देशहरू भएको नाताले नेपाली थेरवादी भिक्षुहरूका लागि ठूलो आधार मिलेको छ। नेपालमा बुद्ध शिक्षालाई नौलो धर्म र सँस्कृतीको रूपमा लिने गरेको पाइन्छ। यसको प्रमुख कारण नेपालमा व्याप्त भइरहेको वैदिक मिश्रित सहजवाद धर्मको वातावरण देखिन्छ। त्यसैले विदेशी प्रतिभाशाली भिक्षुहरूको आगमन र उहाँहरूको श्रीमुखबाट प्रस्फुटित धर्म प्रवचनद्वारा नेपाली भिक्षुहरूलाई भरोसा प्राप्त भई आफु एक्लो त छुइन भनी आफूले आफैलाई ढाढस दिने मौका प्राप्त भएको छ।

हालै पाल्नु भएका बर्माका भिक्षु सुमंगलालंकार एक विशेष रूपले स्मृतीवान् व्यक्तित्त्व हुनुहुन्छ। उहाँको नेपाल आगमनमा अलग्गै विशेषता रहेको छ। किनभने उहाँ दशहजार पन्ना सहितको त्रिपिटकलाई कण्ठ पार्न सफल व्यक्तित्त्व हुनुहुन्छ। आजको युगलाई यो एक अभूतपूर्व घटना जस्तै लाग्नेछ। हुनत आजको युग कम्प्यूटर र बैज्ञानिक युग हो।

एउटै टेपमा सबै त्रिपिटक समावेश गरिएका छन्। हुनत कम्प्यूटर युगमा पुगिसकेपछि कण्ठ पार्ने चलन अलि अवैज्ञानिक नै जस्तो लाग्छ। तर लिपिको विकास नै नभएको जमानामा त्रिपिटकलाई कण्ठ पारी सुरक्षा गरिराख्न सक्नु कम महत्त्वको कुरा होइन। पछि पछि सम्म पनि त्रिपिटक रहिरहोस् भन्ने विचारले बर्मा र थाइलैण्डमा त्रिपिटकलाई सिंगमरमरमा कुँदिएर सुरक्षित गरी राखेको पाइन्छ। यसले गर्दा कम्प्यूटरको युगलाई नै चुनौति दिने काम भएको छ।

हालै नेपालमा आउनु भएका त्रिपिटकधर भिक्षु सुमंगलालंकार महास्थविर यस अर्थमा एक नयाँ प्रतिभाशाली व्यक्ति ठहरिनुभयो।

नेपालको राणाशासनकालमा भिक्षु अमृतानन्द महास्थविरको निमन्त्रणामा श्रीलंकाका भिक्षु नारद महास्थविरको नेपाल आगमन पनि ऐतिहासिक पानामा उल्लेखित छ। श्री ३ जुद्ध शम्शेरको पालामा भिक्षुहरूलाई देश निकाला गरिएको थियो। श्री ३ पद्मशम्शेरको पालामा (श्री ५ त्रिभुवन वीर विक्रम शाहदेव राज्य कालमा) श्रीलंकाका नारद महास्थविरको प्रतिभाशाली व्यक्तित्त्वले होला नेपालबाहिर निकाला गरिएका भिक्षुहरूलाई पुनः नेपाल प्रवेश गर्न पाउने मौका प्रदान गरियो। यसरी विदेशी भिक्षुरूको नेपाल आगमन नेपाली थेरवादी भिक्षुहरूको ठूलो आधार र हौसला बनेको देखिन्छ। बर्माका भिक्षु पण्डिताभिवंश महास्थविरले नेपाल स्थित शंखमूलको अन्तर्राष्ट्रिय भावना केन्द्र स्थापना गर्ने कार्यमा जुन महत्त्वपूर्ण योगदान दिनु भएको छ, यसलाई हामीले विर्सन सक्दैनौं।

यसरी नै अर्का एक महान व्यक्तित्त्व सत्यनारायण गोयन्का हुनुहुन्छ। उहाँ भारतीय मूलका निवासी भए तापनि बर्मामा जन्मनुभएको कारणले बुद्ध शिक्षाबाट प्रभावित भई कल्याणमित्रको रूपमा नेपाल आउनुभयो। उहाँले बुद्ध शिक्षा प्रचारगर्ने लक्षलाई बौद्ध व्यक्तिहरूको संख्या बढाउनको लागि होइन एक साधारण मानिसलाई असल र स्वच्छ चित्त सहितको मानिस बनाउने तर्फ केन्द्रित गर्नुभएको देखिन्छ। उहाँमा साम्प्रदायिक भावनाको स्थान पटक्कै देखिंदैन। हाल उहाँको तर्फबाट विपस्सना धर्मप्रचार कार्य ठीक तरिकाले प्रस्तुत भइरहेको देखिन्छ। उहाँका यस स्मरणिय कार्यलाई धर्मकीर्तिले सदा सराहना गर्दछ।

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन : २५८९५५, २२४९१२

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन : २५३१८२

ज्ञानेन्द्र महर्जन
फोन : २७६९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित
फोन : २७७५७२

सम्पादक
भिक्षुणी वीर्यवती
फोन : २५९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन : २५९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४६
नेपालसम्वत् ११२३
इस्वीसम्वत् २००२
बिक्रमसम्वत् २०५९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |

DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**NOVEMBER 2002**

| वर्ष- २० | अङ्क- ८ | सकिमिला पुन्ही | मंसीर २०५९ |
|---|---|---|---|




★ मूर्खले मात्र हामीले एकदिन अवश्य मर्नु पर्छ भनि विचार गर्दैन "हामी मर्नेछौं" भनी विचार गर्ने बित्तिकै कलह शान्त हुन्छ ।

★★★

★ अर्काको दोष र अर्काले के गर्‍यो के गरेन भनी हेर्नु भन्दा आफ्नो दोष र आफुले के गर्‍यो गरेन भनि हेर्नु नै बेस छ ।

★★★

★ आफूले गरेको पापले आफैलाई अपवित्र पार्दछ, आफुले गरेको पुण्यले आफैलाई शुद्ध पार्दछ, शुद्धि हुने र अशुद्धि हुने आफ्नै द्वारबाट हो, कसैले अरु कसैलाई शुद्ध पार्न सक्दैन ।

# देउता स्थान

✍ रीना तुलाधर

त्यो एउटा ठूलो देउता स्थान हो । त्यहाँ धेरै थरिका देवी देवताहरूको मन्दिर स्थापना गरिएको छ । दिनहुँ त्यहाँ भक्तजनहरूको घुइँचो लाग्छ । उस्तै गरी थुप्रो संख्यामा पर्यटकहरू पनि साइट सिइंग (Sight-Seing) गर्न आउँछ त्यहाँ । अत: पर्यटकीय स्थलको रूपमा त्यस स्थानको सरकारी तवरबाटै बिकाश पनि गरिएको छ ।

आज पनि त्यहाँ एउटा ठूलो पर्यटकीय बस आएर ध्याप्प रोकियो । पर्यटकहरूको एक समूह बसबाट उत्रे । प्रवेश शुल्क तिर्दै पर्यटकहरू देउता स्थान भित्र प्रवेश गरे । पर्यटकहरू यत्र तत्र छर्दै साइट भ्यू (Sight View) गर्न तिर लागे । जाडो महिनाको बिहाने घामले वातावरण न्यानो थियो । परेवाहरूको घुरघुर आवाजले मनमा शान्तीको आभास हुन्थ्यो भने बिच बिचमा मन्दिरको घण्टा बज्नाले भित्री मनमा अध्यात्म जगाउँथ्यो । यस्तै रमणीय वातावरणमा त्यहाँका कलात्मक मन्दिर, देवालय, स्तूपहरू देख्दै पर्यटकहरू दंग परे । कोही त्यहाँको दृश्यमा मन मुग्घ भए भने कोही तस्वीर खिच्न ब्यस्त भए । त्यत्तिकैमा एउटा केटो 'हेलो सर" भन्दै पर्यटकहरूको अगाडि उभिन आए । केटो उस्तै चौध वर्ष जति उमेरको देखिन्थ्यो । उसले लगाएको जीन पाइन्ट उनकै साइजको देखिन्थ्यो । तर केही मैलो र कहिं कहिं च्यातिएको पनि थियो । उसले लगाएको सेतो टि-शर्त भने घुँडा सम्म पुग्थ्यो कोही मोटो मान्छेबाट बक्सिस पाएको जस्तो देखिन्थ्यो । कपाल भने उसले तेल लगाएर मजैसँग सेट गरेको थियो ।

"आइ एम यहाँको गाइड सर, गाइड, गाइड" भन्दै केटोले आफ्नो परिचय दिए ।

'ओ एस ! गुड गुड' भन्दै पर्यटकहरूले पनि केटोलाई गाइड गरीदिन भने ।

गाइड केटोले खुशिसाथ क्रमश: मन्दिरहरू देखाउँदै लगे ।

"त्यो मन्दिर भित्रको देवता अन्नको देवता हो । यहाँ पूजा गरेमा फसल राम्रो हुन्छ ।"

"यो देवीको मन्दिर हो जहाँ पुजा गर्ने जतिको रोग ब्याधि निको हुन्छ ।"

"यो सन्तानेश्वरको मन्दिर हो । यहाँ पूजा गरेमा निःसन्तानले सन्तान पाउँछ ।"

"यो विद्याको देवी हो । यसको भक्ति गरेमा विद्या प्राप्त हुन्छ ।"

"यो सिद्धि देवता हो । यसको पूजा अर्चना गर्नाले जस्तोसुकै काममा सिद्धि प्राप्त हुन्छ ।"

एक एक गरी केटोले मन्दिर, देवालयको परिचयको साथै त्यस भित्रको देवी देवताहरूको दिब्य शक्तिको वर्णन पनि गर्दै गए । सबै नै मन्दिरहरूमा मानिसको घुइँचो थियो । फूल, अक्षता, बत्ति, धूप, खाद्य पदार्थ बोकी बोकी भक्तजनहरू थेला थेल गर्दै देवी, देवताको दर्शन गरीरहेका थिए । गाइड गर्दै गरेका केटाको अनुहारमा एक किसिमको गर्व देखिन्थ्यो "कस्तो छ त हाम्रो देशको अध्यात्म ज्योति, कस्तो छ त हाम्रो देशमा मानिसको भक्ति" भने जस्तै ।

गाइड केटो अगाडि अगाडि, पर्यटकहरूको समूह पछाडी पछाडी । विस्तारै पाइला चाल्दै साइट सिइंग भइरहेको थियो । क्रमश: उनीहरू एउटा ठूलो मन्दिरनिर आइपुगे जसको बाहिर त यतिका भक्तहरूको लाइन लागेको थियो कि लाइन आँखाले भ्याउँदैन थियो ।

"ओ माइ गड । यो मन्दिरमा जाने भक्तहरू त सबैभन्दा धेरै रहेछ । यो के को मन्दिर हो नि ?" एकजना पर्यटकले जिज्ञासा पोखे ।

केटोले ठूलो स्पष्ट स्वरले भने- "यो त मनको इच्छा पुऱ्याउने देवताको मन्दिर हो । यहाँ पूजा गरेपछि मनले जे माग्यो त्यही पुग्छ । नपुग्ने केही छैन ।"

"स्ट्रेन्ज (Strange !)" पर्यटकहरू आश्चर्य चकित भए । ठूलो इलाकाभित्र अवस्थित त्यस देव स्थान भित्र भ्रमण गर्दै तिनीहरू एउटा ठूलो स्तूप भएको ठाउँनिर आईपुगे । त्यसमा भगवान गौत्तम बुद्धको मूर्ति स्थापना गरिएको छ । पर्यटकहरूलाई अचम्म लाग्यो त्यो स्तूपको वरपर भने पूजा अर्चना गर्ने कोही देखिदैनथ्यो । तिनीहरूले त्यसको कारण सोधे ।

"यो बुद्धको मूर्ति हो । बुद्धले चाहिँ जति पूजा अर्चना गरेपनि बरदान, सरदान केही दिँदैन । त्यसैले यहाँ भक्तजनको हूल छैन ।" केटोले आफ्नो बुद्धिले भ्याए जति भने ।

"ओह, आइ अन्डरस्टर्याण्ड नाउ (Oh, I

Understand now) एउटा पर्यटकले आफ्नो विचार पोखी हाले- "नेपालमा देवी देवताको पूजा गर्नुको मुख्य ध्येय आ-आफ्नो विभिन्न मनोकांक्षा पुरा गर्नु रहेछ। कुनै न कुनै स्वार्थ पूर्ति गर्न देउतालाई पूजा अर्चना गरिंदो रहेछ। पूजाको बापतमा केही रिटर्न (Return) नदिने बुद्धलाई त वास्तै गरिंदो रहेनछ।" उनको यस कमेन्ट (Comment) मा पर्यटकहरू खिरिखिरि हाँस्न थाले। हाँस्दै तिनीहरू त झन ठूलै स्वरमा हाँसीदिए।

अघिनदेखि गर्वकासाथ देवस्थानको वर्णन गरीरहने केटोलाई पर्यटकहरूको खिस्सिले गर्दा नरमाइलो भयो। के भनुं, के नभनुं भएर केटो जिल्ल पर्दै थियो। पर्यटकहरू त त्यहाँबाट हिँडीसकेछ। तैतिस कोटि देवी, देवताको देशको नाउँमा स्वाभिमानका साथ गाइड पेशा अपनाएर बसेका केटोलाई आज पर्यटकले खिल्लि उडाएकोमा असाध्यै नमिठो लाग्यो। केही बेर उनी झुकेर बसेको थियो, त्यहाँ एकजना युवक देखा परे। त्यो युवक उस्तै चौबिस पच्चीस वर्ष उमेरको देखिन्थ्यो। त्यसले सफा, सुकिला लुगा लगाएका थिए। उनको अनुहारमा एक किसिमको तेज देखिन्थ्यो उनी कुनै एक बौद्धिक व्यक्तित्व हुन् भन्ने कुरो उनलाई देख्ने बित्तिकै थाहा हुन्छ। त्यो युवक त्यहाँनिर अवस्थित ठूलो स्तूप अगाडि उभिए। हात बिन्ती गरेर आँखा चिम्ले। केही मिनेटसम्म त्यही मुद्रामा शान्त भएर उभीरहे। त्यसपछि बुद्धको मूर्ति अगाडि झुकेर वन्दना गरे। अनि स्तूपलाई घुमेर त्यहाँबाट हिँड्न लागे।

'ए दाई, ए दाई' त्यस युवकलाई हेरीरहेका गाइड केटोले तिनलाई बोलाएर सोधे- "स्तुप अगाडि बसेर बुद्धलाई ढोगेपछि के पाउँछ ?"

"केही पाउँदैन।" युवकले सजिलोसँग भने। "अनि दाईले किन बुद्धलाई ढोग्नु भएको नि ?" युवकले स्पष्ट स्वरमा भने- "बुद्धलाई वन्दना गर्नु भनेको कुनै वरदान पाउनुको लागि होइन। एक छिन मन एकाग्र गरेर बुद्धको गुण स्मरण गर्नु र आफूमा पनि बुद्धको जस्तै गुण ल्याउनेछु भनेर प्रण गर्नु हो। भगवान गौतम बुद्ध जस्तै वीतरागी, वीतद्वेषी, वीतमोही बन्नको लागि प्रयत्न गर्नु नै बुद्धलाई ढोग्नुको अर्थ हो। बुझ्यौ ?" यति भनेर युवक त्यहाँबाट हिँडे। "हत्तेरि ! आज यति कुरा थाहा नपाएर बरबाद भो। एक पैसा नदिई मलाई ठगेर गए ती कुइरेहरू।" केटो बरबराए।

■

## नैराश्य वांदल

*- सुजिना महर्जन*

मर्नु नै किन छ र ? प्रकृति संग,
म ज्युँदै ज्यूँदै मरिरहेछु।
अवशेष मेरो हुँदैन पछि,
मृत्युको बादलले मंडारेपछि।

बुझ्दैनन् कोहि मेरा भावनान्तर,
कोहि छैनन् बुझ्ने यहाँ, आफूले आफैलाई
चिन्दैनन् भने।
कसरी बुझ्छन् भन तिमी यो मेरो
हृदय तरङ्गना,
म ज्युँदै मरीरहेछु।

कटु वाक्य म मा छैन कहिल्यै,
रोकिन्छ वर्षा त्यो घामको सतलमा।
तर बुझ्दैनन् कोहि पनि यी प्रलयमय अभिव्यक्ति मेरा,
म ज्युँदै ज्युँदै मरीरहेछु।

## दन्दन्ती बलिरहेछ।

*- संघरक्षित*

दन्दन्ती बलिरहेछ आगो चारैतिर
हाँस्नु कसरी आनन्द लिनु कसरी।
घेरिसकेको छ अन्धकारले सबैतिर।
आलोक खोज्दैनौ किन अझ पनि॥

अस्थिर शरीर घाउ दर्दले पूर्ण छ
छापासमान सिंगारिएको बिचित्र शरीर।
नाना विधि संकल्पले भरिपूर्ण छ
हेर नियाल अनि राम्ररी विचार गर॥

रोगको घर यो शरीर मरेर जाने गन्हाउने
अत्यन्त क्षणभंगुर रूप जीर्ण भएर जाने।
हाडको नगर र मासु-रगतको लेप लगाएको
बृद्धत्व मृत्यु अभिमान कपट अहो लुकाइएको॥

सुसज्जित राजाको रथ जीर्ण भएर गए झैं
भएर जानेछ नश्वर यो देह जीर्ण।
रूप शरीर जीर्ण भई नष्ट भए पनि
सन्त श्रमणको सद्धर्म हुँदैन कहिल्यै जीर्ण॥

*स्रोत: बृद्धवर्ग, धम्मपद*

अन्तर्वार्ता

# आज पनि हामीलाई एक नयाँ बुद्ध पुरुषको आवश्यकता खट्किरहेको छ

**★: बुद्ध धर्म र हिन्दू धर्मका साझा दार्शनिक पक्षबारे प्रकाश पारि दिनुहुन्छ कि ?**

*विश्व शाक्य:* वैदिक युगमा हिन्दू, बौद्ध आदि धर्मका सम्प्रदायहरू थिएनन् । वैदिक सनातन धर्मकै परिस्कृत र व्यावहारिक स्वरूप नै बुद्ध धर्म हो । समय-समयमा महापुरुषहरूको जन्म हुन्छ र परम्परागत विकृति र विकारग्रस्त परिपाटीमा परिष्कार हुन्छ । गौतम बुद्धको शिक्षा पनि वैदिक परम्परामा आएको अव्यावहारिक र असंगत पक्षलाई परिवर्तन गर्ने दिशातर्फ केन्द्रित थियो । आज पनि हामीलाई एक नयाँ बुद्ध पुरुषको खाँचो खट्किरहेको छ ।

**★: हिन्दूहरूले भगवान् बुद्धलाई नवम अवतारका रुपमा आत्मसाथ गर्दै आएको प्राचीन परम्परालाई कसरी परिभाषित गर्न रुचाउनुहुन्छ ?**

*विश्व शाक्य:* धर्मलाई व्यापारीकरण गरेपछि त्यसलाई थाम्न रचिएको नारा मात्र हो यो । स्वयं बुद्धले कहिं पनि यस प्रकारको अभिव्यक्ति दिनुभएको छैन । त्यसकारण यो आधिकारिक भनाई हैन । पण्डितहरू जसले बुद्ध, जैन र चार्वाकलाई नास्तिक दर्शनका प्रणेताका रुपमा उभ्याएर आफ्नो हिन्दू दर्शनलाई मात्र आस्तिक पक्षमा खडा गरेका छन् भने तिनैले बुद्धलाई नवम अवतारको संज्ञा दिनु कतिसम्म विश्वसनीय र तर्कपूर्ण छ त्यो बुझेपछि छुट्टै व्याख्या गर्नैपर्दैन । जब गौतम बुद्धले ईश्वर, आत्मा, पुनर्जन्मलाई नै अस्वीकार गर्नुहुन्छ भने वहाँलाई कुन आधारमा हिन्दूका अवतारी पुरुष भन्न सकिन्छ ?

**★: नेपालमा हिन्दू, बौद्ध, जैन, मुसलमान र शिखहरू बीच परम्परागत धार्मिक सहिष्णुता कायम रही आएका प्रजातन्त्र पुनर्वहाली भएपछि धर्मका क्षेत्रका नयाँ-नयाँ विवाद र प्रतिवादका घटना चर्चित भएको सम्बन्धमा यहाँको धारणा ?**

*विश्व शाक्य:* प्रजातन्त्र पछि जनतामा अभिव्यक्ति स्वतन्त्रताले स्थान पाउन थालेको छ । चेतनामा वृद्धि भएकै कारण आफ्नो धर्मबारे खोजी-नीतिमा लागेका मात्र हुन् विवादमा लागेका छैनन् । पहिले राणा शासनमा कतिपय बौद्ध भिक्षुलाई अपमान गरी देश निकाला गरेका घटना ताजा छन् । सहिष्णुता शब्दलाई समझदारीमा हैन थिचोमिचोमा प्रयोग गरिन्थ्यो । जनस्तरमा सहिष्णुता विद्यमान भए तापनि राज्यसत्ताले भने उपेक्षा गरिरहेको थियो ।

**★: अहिले नेपालमा क्रिश्चियन सम्प्रदायको प्रभाव बढेको देखिन्छ र यसमा प्रवेश गर्ने नेपालीहरू भने हजारौं बर्षदेखि बुद्ध धर्म मान्दै आएका जनसमुदायहरू पाइएको छ । बुद्धको देशमा यस्तो हुनु सुहाउँदो घटना हो र ?**

*विश्व शाक्य:* ब्राह्मण, क्षेत्रीहरू पनि क्रिश्चियन सम्प्रदायमा प्रवेश गरेका छन् । तिनीहरू नै पास्टर, पादरी बनेका छन्, किनकि ती टाठा-बाठा छन् । वास्वतमा हाम्रो आध्यात्मिक, आर्थिक र सामाजिक व्यवस्था ज्यादै कमजोर भएकै कारण यसका कमजोरी-बाट क्रिश्चियनहरूले फाइदा उठाइरहेका छन् । तिनीहरूले धर्म होइन सम्प्रदाय मात्र बढाउँदैछन् । धर्म मान्न त कुनै सम्प्रदायमा जानुपर्दैन । धर्म भनेकै प्रकृतिको स्वाभाविक नियम हो । असल मानिस कुनै सम्प्रदायमा जाँदैन । गौतम बुद्धको शिक्षाले मानिसलाई असल बनाउँछ साम्प्रदायिक बनाउँदैन । यदि हामीले आध्यात्मिक, सामाजिक र आर्थिक दुरावस्थालाई अहिलेकै अवस्थामा राखी परिवर्तन गरेनौं भने क्रिश्चियनको संख्या झन्-झन् बढ्दै जानेछ ।

**★: नेपालको धार्मिक परिवेश वा अवधारणाबारे यहाँको मन्तव्य ?**

*विश्व शाक्य:* खास गरी धर्म भनेको प्रकृतिको शाश्वत नियम हो । तर हामीहरू धर्ममुखी हुनुभन्दा बढी सम्प्रदायमुखी हुने प्रवृत्तिका शिकार भएका छौं । कर्ममुखी हुनुभन्दा बढी प्रचार मुखी भएका छौं । मनमा विकार छ भने हिन्दू, बौद्ध वा अरु कुनै धर्ममा रहनुको

कुनै अर्थ छैन । केवल द्वेष मात्र बढाउनु हो । वास्तवमा धर्म शब्दका अगाडि हिन्दू, बौद्ध ईसाई वा इस्लाम जस्ता साम्प्रदायिक शब्द जोड्नु आवश्यक छैन । असल कर्म गर्ने व्यक्ति नै आध्यात्मिक वा धार्मिक हुन सक्छ । भगवान् बुद्धको शिक्षा पनि असल मानिस बनाउने पक्षमा केन्द्रित छ । असल मानिसले कसैप्रति पनि दुर्भावना राख्न सक्दैन । नेपालमा बुद्ध धर्मप्रति जागरुकता, रुचि र अभ्यास बढिरहेको छ । यसबाट समाजमा सद्धर्मको विचार हुने एवं बुद्धको शिक्षा सार्थक हुने निश्चित छ ।

**★: वार्ताका लागि समय दिनुभएकोमा धन्यवाद । हाम्रो पोखरापत्र मार्फत् पाठकवर्गमा आफ्नो सन्देश दिन चाहनुहुन्छ कि ?**

*विश्व शाक्य:* मलाई आफ्नो अभिव्यक्ति दिने मौका प्रदान गर्नुभएकोमा साधुवाद ! २५४४ औं बुद्ध जयन्तीले समग्र मानव जातिमा शान्ति र समृद्धि तथा सदाचारको लहर फिँजाओस् । 'पोखरापत्र'ले छोटो समयमा आर्जन गरेको लोकप्रियताले निरन्ता पाओस्, यही मेरो शुभकामना !

***साभार: २५४४ औं बुद्ध जयन्तीको अवसरमा पोखराबाट प्रकाशित हुने 'पोखरापत्र' दैनिकले छापेको अन्तर्वार्ता***

—★—

# बुद्ध शिक्षा

✍ **पूर्ण बहादुर प्रजापती**

मैत्री भाव, समानता, स्मृति र होश आवश्यक छ ।
मैत्रीले मात्र मनमा शीतलता र शान्त प्राप्त हुनेछ ।
त्यसैले आफूलाई मृत्यु मन पर्दैन भने हत्या किन गर्छौ अरुलाई ?
आफूलाई पिटाई मन पर्दैन भने दुःख दिन्छौ किन अरुलाई ?
ठूला, साना, बलिया र निर्बलिया, धनी र गरीब मानिसहरूलाई ।
पशुपन्छी जो सुकै हुन् माया गरौं हामीले तिनीहरूलाई ।
प्राणीहरूको हिंसा नगरौं, अरुको धन सम्पत्ति चोरी नगरौं ।
ब्यभिचार नगरौं परस्त्री, परपुरुष प्रति कामवासना नगरौं ।
असत्य वचन, नबोलौं, नबोलौं चुक्ली वकवास र कडा वचन ।
जाँड रक्सी, मादक आदि बेहोशी बनाउने पदार्थ नगरौं सेवन ।
दुःखछ, दुःखको कारण तृष्णा छ, दुःखबाट मुक्त हुन सकिन्छ ।
दुःखबाट मुक्त हुनका लागि आफूले आफैलाई चिन्नुछ ।
मरेर लानु के छ र सच्चा ब्यवहार गरी इमान्दार रहौं ।
अनित्य, दुःख, अनात्मलाई चिनेर शान्त र आनन्द निर्वाण प्राप्त गरौं ।

# विदेशी व्यापारीको जन्जालमा बुद्ध

✍ लक्ष्मण देवकोटा
पोर्तो, पोर्चुगल

'गौतम बुद्धको जन्म भारतको कपिलवस्तु जिल्लाको तिलौराकोटमा भएको हो' - नोभा आर्कोपोलो नाउँको शोध संस्थाका डाइरेक्टरले झन्डै ५० जनाको अघिल्तिर भने ।

'यो कुरा गलत हो ।" मैले चिच्याएँ हठात् आफ्नो प्रारम्भिक प्रवचनमा ढुङ्गो लागेपछि प्रोफेसर मानुयारको मुखाकृति बिग्रियो । 'बुद्ध भारतमा होइन, नेपालमा जन्मेका हुन्' - मैले थपें ।

भारतको आसामलगायतका क्षेत्रलाई 'भारतवर्ष' भन्ने गरिएको छ । त्यसमाथि बुद्ध जन्मेका बेला नेपाल भन्ने देशै थिएन । अनि नेपाल नभनेकोमा के को आपत्ति ? प्रोफेसर आफ्ना तर्क पेस गर्दै कुटिल हाँसो हाँसे ।

गम्भीर असहमति ! तापनि २५ सय बर्षअघिको भारत कस्तो थियो नि, त्यसो भन्ने हो भने अहिलेको संसारलाई मान्यता दिनु भएन । बंगलादेश, पाकिस्तान, भुटान सबैलाई 'भारत' भने भो । सोभियत संघ उल्टाउनुपर्ने भो । यो तर्क असाध्यै हल्का भयो । प्रोफेसरलाई यसो भन्दा लज्जाको अनुभूति पो हुनुपर्ने - मैले पनि भनिदिएँ ।

महर्षि गौतम बुद्धको बारेमा पोर्चुगलको दोस्रो ठूलो शहर पोर्तोमा भएको सेमिनारमा चलेको अंश हो-यो । नोभा आर्कोपोलो नाउँ गरेको (रिसर्च इन्स्टिच्युट) शोध संस्थाले आयोजना गरेको सेमिनारमा स्पेनिस, अमेरिकन र पोर्चुगल पत्रकार, विद्यार्थी, विभिन्न संघसंस्थाका प्रतिनिधि, समाजसेवी, शिक्षकहरू सहभागी थिए ।

पछि कुरो बुझ्दै जाँदा पो थाहा भयो, इन्स्टिच्युट ठ्याम्मै व्यापारी अड्डा पो रहेछ । तिनको व्यापारी जन्जालभित्र बुद्ध पनि जेलिन पुगेछन् । यतिबेला युरोप र बाँकी विश्व बुद्धत्वको तृष्णामा छटपटिएको छ । मौन, शालीन र ध्यानमग्न बुद्धको दर्शनभित्र के छ ? भन्ने खुल्दुलीले युवा, वृद्ध छटपटिएका छन् । युरोपेलीहरू नेपाल ओइरिनुको पछाडि अघिल्तिर चिच्याइरहेका छन् - 'बुद्ध जन्मेको त्यो सानो नेपालमा हैन, विशाल भारतमा हो । तिलौराकोट नेपालमा होइन, भारतमा पर्छ ।" कतिपयलाई नेपाल भन्ने देशको पनि पत्तो रहेनछ युरोपमा । गौतम बुद्धको जन्मस्थल जान्ने रहर गर्ने केही पोर्चुगिजहरूलाई नेपालको बारेमा पत्तो नभएको देख्दा हाँसो पनि लाग्यो ।

एकातिर भारतीयहरू सक्दो गलत सूचनाप्रवाह गरेर भ्रम छरिरहेका छन् भने अर्कोतिर, सूचना प्रवाह गर्नुपर्ने नेपाल सरकार कानमा तेल हालेर बसिरहेको छ । विदेशमा व्यवस्थित ढङ्गले प्रचार-प्रसार गर्ने काममा सरकारले अहिलेसम्म सिन्को भाँचेको छैन ।

एकमात्र हिन्दू अधिराज्यको उपमाले विभूषित छ, नेपाल - संसारका अघिल्तिर । त्यही वंशमा बुद्धधर्मको व्यवस्थित प्रचार हुन सकिरहेको छैन, संसारका अगाडि के आश गर्ने ? यतिबेला सरकार र माओवादीको भिडन्तले नेपालमा रगतको खोलो बगिरहेछ । त्यही रगतमा नुहाउन बाध्य छन् हाम्रा अहिंसाका प्रचारक महर्षि बुद्ध ।

विदेशमा रहेका कूटनीतिक नियोग, दूतावास र नेपालीहरूमार्फत केही कदम चाल्नसके कस्तो होला ? चाहने नै हो भने भत्ता खाएर सत्ताको आशीर्वाद थापि-रहने लुम्बिनी विकास कोष र संस्कृति मन्त्रालयले केही गर्न सक्छ ।

आतंककारी समाप्त पार्न कस्सिएको सरकार र जंगल पसेको माओवादीको कुटाकुटमा शान्तिप्रिय बुद्धलाई कसले सम्झने हो ? चिन्ताको विषय बनेको छ । ■

★ **चार दर्शनीय स्थानहरू–**

१) बुद्धको जन्मस्थान - लुम्बिनी
२) बुद्धत्व प्राप्ति स्थान - बुद्धगया
३) धर्मचक्र प्रवर्तन गरेको स्थान - सारनाथ
४) महापरिनिर्वाण भएको स्थान - कुशीनगर

★ **सूर्य धमिलो हुने चार कारणहरू–**

१) बादल २) हिउँ ३) धुँवा ४) राहु

★ **चिन्तन गर्न अयोग्य चार चार विषयहरू–**

१) बुद्ध २) ध्यान ३) कर्म विपाक ४) लोक उत्पत्ति

*साभार: बौद्ध दर्पण*

# गल्ती महसुस गर्ने कि नगर्ने ?

भिक्षु अश्वघोष

गौतम बुद्धले बुद्धत्व प्राप्त गरेको बीस वर्षसम्म भिक्षुसंघ बीच विकृति उत्पन्न भएको थिएन । त्यसपछि बुद्ध प्रमुख भिक्षुसंघलाई अप्रत्याशित रूपमा लाभ, सत्कार र सम्मान गरिन थालियो । शुरू शुरूमा वैराग्य भएर मानिसहरू भिक्षु बन्न आउँथे । पछि हुँदा हुँदै लाभ, सत्कार र सुविधामुखी र उपभोक्तावादी बनी भिक्षु बन्नेहरूको संख्या बढ्न थाल्यो । भिक्षुहरू अल्पेक्ष हुनु पर्नेमा महत्वाकांक्षी हुन पुगे । अनुशासित हुनु पर्नेमा (आचार संहितालाई वास्ता नगरी) स्वेच्छाचारी हुन पुगे । सेवक हुनु पर्नेमा मालिक र मठाधीश हुन पुगे । सत्यवादी हुनु पर्नेमा झूठो र चुक्लि गर्ने हुन थाले । मैत्री चित्त हुनु पर्नेमा इर्ष्या र क्रोध गर्न थाले । यो बुद्धको पालामा नै शुरू भएको कुरा हो ।

यस्तो अवस्था भएपछि बुद्ध स्वयंले भिक्षु संघलाई अनुशासित गर्न अनुस्सासिहत हुन पुगे ।

एक दिन भद्दालि भिक्षुले सोध्नुभयो- भन्ते (स्वामी) तपाईंले कसै कसैलाई सानो गल्ती गरेका भिक्षुलाई पनि अनुशासनको उपदेश दिएर तालिम गर्नुहुन्छ ? कसै कसैलाई त्यस्तो सम्झाई बुझाई अनुशासित गर्नु हुन्न ! किन ?

बुद्धले भन्नुभयो- अनुशासित, विनीत र श्रद्धाले भिक्षु बन्न आएकाहरूलाई सम्मान गर्छु तर अटेरी र मिचाहाहरूलाई म सम्झाउने र उपदेश दिने काम गर्दिन । (भद्दालि सूत्र मज्झिम निकाय)

त्यसपछि गौतम बुद्धले भिक्षुहरूलाई अनुशासित र तालिम दिने कामको जिम्मा आफ्ना प्रमुख शिष्य सारिपुत्र र मैदगल्यायन महास्थविरहरूलाई दिनुभयो । अनि एक दिन सारिपुत्र महास्थविरले भिक्षु संघमा सबैलाई जम्मा गरी धर्मको उपदेश दिंदै भन्नुभयो- भिक्षुहरू यो संसारमा चार प्रकारका व्यक्तिहरू छन्–

(१) क्लेश अर्थात् गल्ती र भुल महसुस नगर्ने,
(२) आफूमा गल्ती र कमजोरी छ भन्ने कुराको महसुस गर्ने ।
(३) गल्ती गरेर पनि गल्ती थाहा नपाउने व्यक्ति ।
(४) गल्ती र कमजोरी छैन भन्ने थाहा भएको व्यक्ति ।

यी चार जनामध्ये १ र ३ नम्बरका गल्ती हुँदा महसुस नगर्ने, गल्ती गरेर पनि आफूले गल्ती गरेको थाहा नपाउने यी दुई थरिका व्यक्ति नीच र हीन हुन् । अर्थात् निम्नस्तरका मानिसहरू हुन् । २ नम्बर र ४ नम्बरका गल्ती हुँदा गल्ती र भुल भएको छ भन्ने महसुस गर्ने र थाहा हुने व्यक्ति र गल्ती छैन भने छैन भनी महसुस गर्ने यी दुई थरी व्यक्ति उच्चस्तरका र प्रशंसनीय हुन् ।

यी उपदेश सुनिरहेका भिक्षुहरूले कुरा बुझ्न सकेनन् । यो कुरा थाहा पाएर मौद्गल्यायन महास्थविरले बीचमै प्रश्न गर्नुभयो- सारिपुत्र भन्ते, क्लेश र गल्ती भएका दुई जनामध्ये एक जना नीच र अर्का उत्तम हुने र गल्ती र भूल नभएका दुई जनामध्ये एक जना नीच र एक जना उत्तम यो कसरी हुने ? अलि स्पष्ट पार्नुहुन्छ कि ?

त्यसो भए राम्रोसंग ध्यान दिएर सुन्नुस् भनेर सारिपुत्रले स्पष्टीकरण दिए- क्लेश अर्थात् गल्ती र कमजोरी हुँदा छ भन्ने गल्ती नहुँदा छैन भन्ने कुरा थाहा भएन भने उनीहरू एक पछि अर्को गल्ती गर्दै जान्छन् । गल्ती गरेको थाहा नपाउने व्यक्तिमा नभएको अहंकार, महत्वाकांक्षी स्वभाव उत्पन्न हुनसक्छ ।

मौद्गल्यायन महास्थविरले प्रार्थना गर्नुभयो- अरू पनि केही उदाहरण दिई व्याख्या गर्नुहुन्छ कि ?

सारिपुत्र महास्थविरले उदाहरण दिनु हुँदै भन्नुभयो- पसलबाट एउटा पुरानो र नयाँ भाँडो किनेर ल्याइएको छ । ती दुइटै भाँडो प्रयोगमा नल्याइकन धूलो र फोहर ठाउँमा लुकाई राख्यो भने के हुन्छ ? त्यो पुरानो भाँडो झन् पुरानो र खिया लागेर काम नलाग्ने हुन्छ । नयाँ भाँडो पनि प्रयोग नगरेर त्यसै राख्यो भने त्यो पनि धुलो परेर अपवित्र र फोहोर हुन्छ । त्यस्तै माथि उल्लेख गरेका दुई जनामध्ये गल्ती भएको फेरि फेरि गर्न सक्छ र गल्ती गरेको थाहा नपाउने व्यक्तिले पनि फेरि गल्ती गर्नसक्छ ।

गल्ती भएको व्यक्तिले गल्ती भएको थाहा पायो भने त्यसले गरेको गल्ती र कमजोरीलाई इर्ष्या, डाहा र महत्वाकांक्षालाई दबाई दिन्छ र गल्ती छैन भन्ने थाहा भएको खण्डमा पछि पनि उसले गल्ती काम गर्दैन ।

पुरानो भाँडो र नयाँ भाँडोलाई दिनका दिन सफा गरी खरानी र साबुनले माझेर पखालेर प्रयोगमा ल्यायो भने सधैं चम्किरहन्छ । यी कुरा सुनी अटेरी र महत्वाकांक्षी भिक्षुहरूले शिक्षा लिई अनुशासित र सदाचारी बने । यसबाट हामीले गल्ती भन्ने कुरा जोसुकैबाट हुनसक्छ तर त्यसलाई महसुस गरेर गल्ती दोहोरिन दिनुहुँदैन । गल्ती दोहऱ्याउँदै गयो भने त्यसले आफैंलाई नोक्सान गर्छ भन्ने शिक्षा दिन्छ । ■

# कपिलवस्तुको सन्दर्भ : पहिले र अहिले

✍ केदार शाक्य

भगवान् बुद्धले प्रभावशाली जीवन व्यतित गरेका स्थानहरूको दर्शन र बौद्ध संस्कृतिको गहन अध्ययन गर्न हिमाच्छादित पर्वत, जंगल, मरुभूमि र दुर्गम स्थानहरू पार गर्दै चिनियाँ यात्रीहरू सन् ३९९ देखि सन् ७४१ सम्म भारत भ्रमणमा आएका थिए । चिनियाँ यात्रीहरूमध्ये फाहियान, संगचुन, ह्वेनसाङ र इत्सिंग चार यात्रीहरू प्रसिद्ध मानिन्छन् । कालक्रम अनुसार फाहियान र ह्वेनसाङले प्राचीन कपिलवस्तुको भ्रमणपछि लेखेका यात्रा बृतान्त हाम्रालागि सान्दर्भिक छन् । ती यात्रा वर्णनमा तत्कालीन समाज धर्म, कला एवं सभ्यताबारे स्पष्ट जानकारीका साथै तत्कालीन समाजको यथार्थ चित्रण पाइन्छ । त्यसमा सर्वसाधरणदेखि विद्वान् विदुषीहरूको समेत आचारण, व्यवहारबारे उल्लेख गरिएकोले ती वर्णन सत्यताको नजिक भएको छ ।

सन् ४०६ मा प्रसिद्ध चिनियाँ यात्री फाहियान कपिलवस्तु आउँदा प्राचीन कपिलवस्तु उजाड र निर्जन भइसकेको थियो । त्यहाँ न जनता न राजा नै थिए । त्यहाँ केही भिक्षुहरू थिए । उनीहरूले फाहियानलाई शुद्धोधन राजाको दरवारको भग्नावशेष देखाए । त्यो भव्य, वैभवशाली प्राचीन दरवार विहारको रूपमा परिणत भैसकेको थियो । दरबार क्षेत्रको छेउमा दुइवटा चैत्य र असित ऋषिले तथागतको दर्शन गरेको ठाउँ, हस्तिगर्न, सरकूप, गौतम बुद्धले शुद्धोधनलाई भेटेको स्थान, पाँच सय शाक्यहरूले उपालिको सत्कार गरेको ठाउँ, प्रजापति गौतमीले बुद्धलाई सफारी प्रदान गरेको ठाउँ, बिडुडभले शाक्यहरूको आमहत्या गरेको ठाउँ अनि तथागतले देवताहरूलाई उपदेश दिएको ठाउँ साथै किसानले खेती गर्न खनजोत गरिारखेको स्थान देखाएको कुरा ऐतिहासिक वर्णनमा उल्लेख छ ।

सन् ६३९ मा अर्का प्रसिद्ध चिनियाँ यात्री ह्वेनसाङ श्रावस्तीबाट ८०० लि. (७५ मिल) हिंडेर दक्षिण पूर्व दिशा हुँदै कपिलवस्तु पुगेका थिए । यी दुई चिनियाँ यात्रीहरूको कपिलवस्तु भ्रमण २३३ वर्षको अन्तरालमा भएको देखिन्छ । कालान्तरले गर्दा यिनीहरूले आफ्ना यात्रा वर्णनमा उल्लेख गरेका कुराहरू फरक हुन सक्तथ्यो । तर फाहियानले गरेका यात्रा वर्णन जस्तै ह्वेनसाङले पनि गरेको वर्णनमा धेरै कुराहरू उस्तै लाग्दछ । अझ ह्वेनसाङले पनि गरेको वर्णनमा धेरै कुराहरू उस्तै लाग्दछ । अझ ह्वेनसाङले दिएको वर्णनमा बढी उल्लेख हुनु अनुसन्धान कार्यमा यिनले बढी समय लगाएको पाइन्छ ।

ह्वेनसाङले कपिलवस्तु नगरको अवशेषहरू १४-१५ लि को आसपासमा फैलिएको बताएका छन् । उनले पनि शुद्धोधनको वैभवशाली कलात्मक राजदरवार भिक्षुहरूको विहार र चैत्यको रूपमा परिवर्तित अवस्थामा नै पाएको उल्लेख गरेका छन् । उनले गरेको यात्रा वर्णनमा गौतम बुद्ध मायादेवीको गर्भमा प्रवेश गरेको कक्षमा निर्मित विहार लगायत यशोधरासँग बिहे हुनुभन्दा अघिको युद्ध कला कौशल प्रदर्शन स्थल, सिद्धार्थको पाठशाला, कपिलवस्तु नगरको चारै मूल ढोकाको वाहय भागमा निर्मित स्तूपहरू, सिद्धार्थले महाभिनिष्क्रमण गर्नुभन्दा अगाडि रोगी, वृद्ध, सन्यासी र मृत लाश देखेका ठाउँहरू, महाभिनिष्क्रमणद्वारको छेउमा निर्मित छन्दक चैत्य, कपिलवसतुबाट ५० लि. दक्षिणमा सम्राट् अशोकको शिला स्तम्भयुक्त क्षेमावती नगरीको ऋकुच्छन्द चैत्य, बिडुडभद्वारा शाक्यहरूको आमहत्या गरेको ठाउँ देखेको उल्लेख गरिएको छ । यस कुरालाई इतिहासकारहरू धेरै सही र सजीव मान्दछन् । यिनीहरूको यात्रा बृतान्तको आधारमा पछि पनि अन्तर्राष्ट्रिय अनुसन्धानकर्ताहरूबाट भएको कपिलवस्तुको खोजीबाट आजको तिलौराकोट नै प्राचीन कपिलवस्तु भएको प्रमाणित भैसकेको छ ।

चौधौं शताब्दीपछि कपिलवस्तु क्षेत्र महावनको रूपमा परिणत भएर मधुवन नामले प्रख्यात भएको र त्यहाँ थारूहरूको बस्ती भएको ऐतिहासिक वर्णन छ । कपिलवस्तुको प्राचीन ऐतिहासिक एवं सांस्कृतिक स्थलको खोजी कार्यमा भारतमा रहेका तत्कालीन अंग्रेज विद्वानहरूको योगदान र त्यसपछि १८९५-९६ मा पाल्पाका तत्कालीन गभर्नर खड्ग शम्शेरको अभिरुचि र उनैको सूचनाको आधारमा डा.ए.ए. फ्यूररले नेपालको तराईमा तीनवटा अशोक स्तम्भ पाइएको तथ्य प्रकाशमा ल्याए । यसपछि इतिहासकार एवं पुरातत्वविद्हरूमा अभिरुचि जागेर गौतम बुद्धको जन्मस्थल लुम्बिनी र प्राचीन शाक्य गणराज्यको

राजधानी कपिलवस्तुको विस्तृत अन्वेषणनिम्ति डा. स्मिथले विशेष निर्देशन दिएर बाबु पूर्णचन्द्र मुखर्जीलाई सन् १८९८ मा नेपालको तराई क्षेत्रमा पठाइ अन्वेषण गरिए पछि यी दुइ महत्त्वपूर्ण स्थानको वास्तविकता जन समक्ष आउन सकेको देखिन्छ ।

यस अतिरिक्त अन्य कतिपय अन्तर्राष्ट्रिय विद्वान पुरातत्वविद् अन्वेषणकर्ता एवं इतिहासकारहरूको लगनशिलताबाट त्यहाँ पाइएका प्राचीन अवशेष आज हाम्रा निमित्त गौरव वृद्धि गर्ने महत्त्वपूर्ण वस्तुहरूको रूपमा रहेका छन् । गौतम बुद्धले आफ्नो जीवनको महत्त्वपूर्ण २९ वर्ष बिताएको कपिलवस्तुका राजा शुद्धोदनको प्राचीन वैभवशाली राजदरवार कसरी ध्वस्त हुन पुग्यो र त्यो इतिहासको गर्भमा कसरी विलीन भएर आज फेरि ऐतिहासिक पुरातात्विक महत्त्वको विषय बन्न गयो भन्ने कुरा अत्यन्त चाख र रुचिकर बनेको छ । यस सन्दर्भमा इतिहासको पाना पल्टाउने हो भने बुद्ध धर्म र संस्कृतिसँग सरोकार भएका र नभएका दुवै पक्षका मानिसलाई आकर्षित गरेको पाइन्छ ।

आजको भारत र नेपाल २५ सय वर्ष अघि वर्तमान भौगोलिक सीमाका अवस्थामा थिएन । कपिलवस्तु तत्कालीन समयमा एउटा शक्तिशाली गणतन्त्रको रूपमा प्रख्यात थियो । त्यहाँको शासन प्रणालीबाट जनताले यथेष्ट सुख सुविधा पाएको वर्णन सुन्दा आजको प्रजातान्त्रिक मूल्य र मान्यताभन्दा अन्तर नभएको देखिन्छ । कुनै बेला कपिलवस्तुमा पानी नपरेर खडेरी पर्दा राजा शुद्धोधन जनताको चाहना र इच्छाको कदर गरी खेतमा आफैं हलो चलाउन जाने गर्दथे । संयोगवस राजाले खेतमा हलो चलाउँदा पानी वर्षा भएर जनता हर्षित भएको र सहकाल फर्केको वर्णन पनि पाइन्छ । आम जनतामा सुख समृद्धि कायम गर्न राजाले आफ्नो सुख सुविधा बिर्सेर जनताको साथ दिएको ज्वलन्त दृष्टान्त पनि छन् । अधिकांश जनता कृषिमा निर्भर रहे तापनि शुद्धोदनको राजदरवारमा भव्य कलाकौशलको प्रदर्शन भएबाट त्यसबेलाको कपिलवस्तुका मनिसहरू कला कौशलमा निपुण थिए भन्ने पुष्टि हुन्छ ।

कपिलवस्तुमा शुद्धोदनको शेषपछि उनका भाइ गोधी(?) शाक्यले शासन गरिरहेको बेला शाक्य राजपरिवार कै दासी पुत्र विडुडभले आफू कोशलको राजा भएपछि आफूलाई मावलीमा दासी पुत्र भनी वाल्यकालमा असमान व्यवहार गरेको बदला लिन कपिलवस्तुमा शाक्यहरूको आम संहार गरे । बिडुडभले शाक्य राजपरिवारसँग बदला लिने विचारले आक्रमण गर्न लाग्दा दुइपटक गौतम बुद्धले थाहा पाएर नर संहार हुनबाट बचाएको तर अन्ततोगत्वा बुद्ध नभएको मौका छोपी उनले कपिलवस्तुलाई तहस नहस पारे । बिडुडभको आक्रमणलाई रोक्न विफल भएका राजाले अन्तमा नर संहार रोक्न बिडुडभसँग अनुनय गर्दै आफू पोखरीबाट नुहाएर नफर्केसम्म लडाइँ बन्द गराउने वाचा वन्धन गरेर राजा पोखरीबाट फर्केनन् । यसरी कपिलवस्तुका शासकले आम जनताको भलाइनिम्ति प्राणको आहुती दिएको घटना त्यतिकै हृदय विदारक लाग्दछ ।

वर्तमान तिलौराकोटमा पाइएका प्राचीन कपिलवस्तु राजदरबारको भग्नावशेषको संरक्षण र त्यहाँ पाइएका पुरातात्विक महत्त्वका वस्तुहरूले तत्कालीन समाजको अध्ययन अनुसन्धान गर्न निकै ठूलो योगदान पुऱ्याएको छ । तत्कालीन सभ्यता र संस्कृतिको अभिरुचि राख्ने पर्यटकहरूकानिम्ति कपिलवस्तु एक महत्त्वपूर्ण स्थल सावित भएको हुँदा यसको संरक्षण र यथोचित अध्ययन, अनुसन्धान निम्ति लुम्बिनी विकास कोषको कार्य क्षेत्र बढाइ यसै अन्तर्गत राखिएको भए तापनि कपिलवस्तु सम्बन्धमा कुनै पनि योजना प्रकाशमा आइसकेको छैन ।

बिडुडभले कपिलवस्तुका शाक्यहरूलाई आमसंहार गरेर कपिलवस्तुलाई ध्वस्त पारी इतिहासको गर्भमा विलीन हुन विवश पारे तापनि त्यहाँबाट बचेकाहरू भारत र काठमाडौं बंगलादेश तथा बर्मा उपत्यका पसेको ऐतिहासिक विवरण पाइन्छ ।

मगधका राजा अजात शत्रुले बिडुडभद्वारा कपिलवस्तुको विनाश गरेको खबर पाएर ईसा पूर्व ४७० मा कोशलमाथि उनले आक्रमण गरी बिडुडभसमेत कोशलका महामात्यको हत्या गरी उनको पनि त्यस्तै हविगत पारेको वर्णन पनि पाइन्छ । यस्ता अनेकौं घटना र आरोह अवरोहपछि कपिलवस्तु आज नेपालको तिलौराकोटको रूपमा विद्यमान छ । यसको पुरातात्विक महत्त्व र ऐतिहासिक सजीव धरातललाई भविष्यका निम्ति अझै सुरक्षित राख्न हामीले उच्चस्तरमा ठोस कदम चाल्नु आवश्यक छ ।

■

# बुद्धयान

***आयोजक–***

आज त थुप्रै सहभागीहरूले भाग लिनुभई यस कार्यक्रमलाई सुशोभित पारिदिनु भएको छ । कार्यक्रम पनि शुरु गरिहालौं न त ।

***एक अधबैंसे महिला–***

आजभोली बुद्ध शिक्षा प्रचारको लागि सक्रिय रहेका संस्थाहरूको नाम थाहा पाउने इच्छा थियो । ती संस्थाहरू मध्ये मैले धर्मोदय सभाको नाम मात्र धेरै वर्ष पहिले नै सुन्दै आएको छु । हाल यही धर्मोदय सभाको कामहरू के के रहेछन् त्यति पनि मलाई थाहा रहेन । त्यसैले यसबारे जानकारी लिने इच्छा भैरहेको छ मलाई ।

***आयोजक–***

धर्मोदय सभा त नेपालको केन्द्रिय संस्था नै भयो नि । हाल बुद्ध विहार भृकुटी मण्डपमा यस संस्थाले आफ्नो कार्यालय खोली आफ्नो गतिविधिहरू संचालन गरिरहेको छ । अधिराज्यभरि नै शाखाहरू खोलिसकेको छ यस संस्थाले । पहिला पहिला त नेवारहरुको एक समूह मिली संचालन गरिएको थियो यस संस्था । त्यसबेला थेरवादी समूह मात्र सम्मिलित रहेको थियो । खुशी लाग्दो कुरो हो थेरवादीहरू मात्र होइन यस संस्थामा हाल गुरूङ्ग, गौचन, मगर आदि विभिन्न बौद्ध धर्माबलम्बीहरूलाई पनि समावेश गरिएको छ । त्यसैले हाल थेरवाद (हीनयान), महायान र बज्रयान आदी तीनवटा नै यानका व्यक्तिहरू यस संस्थामा सामूहिक रूपमा गाभिएका छन् । वि.सं. २०१३ सालमा धर्मोदय सभाले चतुर्थ विश्व बौद्ध सम्मेलनको आयोजना गरी नेपाललाई सार्वभौमिक स्वतन्त्र राष्ट्र र बुद्ध जन्मभूमीको रूपमा विश्वमा प्रचार गरेको थियो । पहिला त धेरैजसो विदेशीहरूले नेपाललाई भारतको एक प्रान्तमात्र सम्भेका थिए । तर चतुर्थ विश्व बौद्ध सम्मेलनले अन्तर्राष्ट्रिय जगतमा यस भ्रमलाई नै हटाएको देखिन्छ ।

चतुर्थ विश्व बौद्ध सम्मेलन श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको पालामा सम्पन्न भएकोले यस कार्यक्रमलाई श्री ५ को सरकारले पर्याप्त मात्रामा आर्थिक सहयोग प्रदान गरिएको थियो ।

त्यसपछि १५ औं विश्व बौद्ध सम्मेलन पनि सन् १९८६ मा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको पालामा दसरथ रंगशालामा सम्पन्न भएको थियो ।

पहिला त धर्मोदय नामको मासिक पत्रिका पनि प्रकाशित भइरहेको थियो । तर हाल त्यस पत्रिका प्रकाशन कार्यमा रोकावट आएको देखिन्छ । पछि वार्षिक रूपमा स्मारिका र बुद्ध पूर्णिमा (बुद्ध जयन्ती) को उपलक्ष्यमा समय समयमा पत्रिका निस्किरहने गरेको थियो ।

धेरै वर्ष सम्म महिनाको एक पटक प्रवचन कार्यक्रम पनि संचालन भइरहेको थियो । हाल जिल्ला जिल्लाका शाखाहरू र जनजाती बौद्धहरूलाई संगठित गर्ने बारे चर्चा चलिरहेको छ । धर्म निरपेक्ष र जनसंख्या तथ्यांकमा बौद्धहरूको संख्या बढाउने कार्यमा पनि सक्रिय रूपले भाग लिएको थियो ।

बुद्ध शिक्षा प्रचार कार्यको लागि अर्को सक्रिय संगठन त हाल धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि रहेको छ । यस संस्थाले बुद्ध शिक्षा प्रचारार्थ धर्मकीर्ति मासिक पत्रिका प्रकाशन गरिरहेको छ भने हरेक शनीवार निरन्तर रूपले बुद्ध शिक्षा अध्ययन कक्षा संचालन गरिरहेकै छ । त्यति मात्र होइन हरेक शनीवार निशुल्क स्वास्थ्य सेवा पनि संचालन गरिरहेको छ । यी बाहेक अन्य थुप्रै प्रचार कार्यहरू पनि संचालन गरिरहेको छ ।

धर्म प्रचार कार्यमा निरन्तर रूपमा संलग्न रहेको अर्को संस्था ललितपुरको युवक बौद्ध मण्डल (Y.M.B.A.) हो । यस संस्थाले प्रत्येक शनीवार विहान निरन्तर रूपले ध्यान भावना र प्रवचन कार्यक्रम संचालन गरिएको छ । उक्त युवक बौद्ध मण्डलले आफ्नै छुट्टै कार्यालय भवन निर्माण गरिसकेको छ । जुन एक ठूलो उपलब्धी मान्न सकिन्छ । यसले बौद्ध स्कुल भवन (तीन तल्ले) पनि निर्माण गरिसकेको छ । तर धर्मोदय सभाले हालसम्म आफ्नो भवन निर्माण गर्न भने सकिरहेको छैन । त्यसैले होला हाल यस संस्थाले आफ्नो छुट्टै भवन बनाउनु पर्ने कुरालाई महशूस गर्दै यस विषयमा चर्चा उठाइरहेको सुनिन्छ ।

अर्को सक्रिय संस्था हो, युवा बौद्ध समूह काठमाडौं । यस संस्थाले राष्ट्रिय स्तरमा जिल्ला जिल्लाका जनजातीहरूमा बौद्ध जागरण ल्याउनका लागि जागरण कार्यक्रम (प्रवचन कार्यक्रम) संचालन

गरिरहेको छ ।

स्वयम्भू ज्ञानमाला भजन खल:ले पनि ज्ञानमाला भजन मार्फत भक्तिमार्गको रूपले धर्म प्रचार कार्य गरिरहेको छ ।

यसरी नै आनन्दकुटी विहार गुठीबाट थुप्रै बुद्धकालिन पुस्तकहरू प्रकाशित गरी धर्म प्रचार गरिसकेको छ भने ३० वर्ष अगाडि देखि आनन्द भूमि पत्रिका प्रकाशित गरिरहेको छ । विचमा केही कारणवश यस पत्रिकाको प्रकाशन कार्यमा सिथिलता देखा परेपनि हाल 'सुखी होतु नेपाल'को सक्रियताले गर्दा फेरि यस पत्रिका रोचक ढंगले प्रकाशित भैरहेको खुशीलाग्दो कुरो हो ।

*एकजना सहभागी-*

यो त धेरै संख्यात्मक रूपले बौद्ध संस्थाहरू धर्म प्रचार कार्यमा लागिरहेको देखिन्छ । बुद्ध शिक्षा विषयमा यसरी संख्यात्मक रूपले मात्र प्रचार कार्य भइरहेको छ कि यसमा गुणात्मक प्रगतिका कार्यहरू पनि भइरहेको छ ? यसबारे पनि जानकारी पाए बेश हुने थियो ।

*आयोजक-*

पहिला त चेतना ल्याउन नै जरुरी छ नि । पछि गुणात्मक वृद्धी तर्फ पनि ध्यान दिनु पर्ला नि ।

*अर्का एकजना सहभागी-*

हालै पाटनमा सम्पन्न भएको कथिन चीवर दान कार्यक्रममा श्रीलंकाका एकजना विद्वान भिक्षुले भन्नुभएको थियो- "नेपाल लगायत अन्य देशहरूमा पनि बुद्ध धर्माबलम्बीहरू विच हीनयान, महायान र बज्रयान गरी विभिन्न समूहमा विभाजन देखिएका छन् । यसरी साम्प्रदायिक विभाजनलाई हटाई बुद्ध धर्मावलम्बीहरू बुद्धयानको रूपमा मात्र संगठित भएर धर्म प्रचार गर्नु राम्रो हुनेछ ।"

उहाँको यस भनाईमा प्रयोग गरिएको शब्द हीनयान भनेको के हो ? यसबारे पनि बुझौं न ।

*आयोजक-*

प्रश्न त राम्रो नै उठाउनु भयो नि । हुनत हाल पहेंलो चीवर वस्त्र लगाइरहेका भिक्षुहरूलाई हीनयान भनिएको हो । आजभोली उहाँहरूलाई थेरवादी भनेर चिन्ने गरिन्छ । बुद्धको मौलिक उपदेशलाई पाली भाषाको त्रिपिटक अनुसार आचरण र व्यवहारमा उतार्ने व्यक्तिहरूलाई हीनयान भन्ने गरेको छ ।

*सहभागी-*

उहाँहरूलाई किन यसरी हीन भनेको होला ?

*आयोजक-*

बुद्धको उपदेश अध्ययन गरे अनुसार त्यसलाई आ-आफ्नो आचरणमा ढाली र चित्त शुद्ध गरी फेरि जन्म लिनु नपर्ने मार्गमा लाग्न प्रयासरत रहेका व्यक्तिहरू अर्थात् आफु मात्र एक्लै मुक्तिको वाटोमा लाग्ने प्रयासरत व्यक्ति भएको अर्थमा यिनीहरू स्वार्थी हुन्, भनेर महायानीहरूले यिनीहरूलाई हीनयान भनी नामाकरण गरेका हुन् रे । अर्को तर्फ महायानीहरू मुक्तिमार्गमा लाग्नेमात्र नभई सबैजना बुद्ध नै हुने बाटोमा लाग्न प्रयासरत रहने र धेरै व्यक्तिहरूलाई बुद्ध नै भई ज्ञानमार्गमा लाग्न सिकाउने व्यक्ति भएकोले उहाँहरूलाई महायानी भनी नामाकरण गरिएको रे भन्ने सुनिन्छ । हामीले बुझे अनुसार त हीनयान र महायानको परिभाषा यसरी नै रहेको पाइन्छ ।

*सहभागी-*

यो त आफू मात्र ठूलो बनी अहंकार रूपी साम्प्रदायिक लक्षण प्रकट भएको रूप मात्र जस्तो देखियो नि । मलाई त चित्त बुझेन यो नामाकरण ।

श्रीलंकाको भिक्षुले भन्नु भएनुसार बुद्धयान शब्द नै उचित र सान्दर्भिक देखिन्छ । साम्प्रदायिक भावनाबाट टाढा रहनुपर्ने सुझाव हो यो । तर आ-आफ्नो दृष्टि परिवर्तन नभइकन, आ-आफ्नो साम्प्रदायिक भावना र संस्कारलाई नत्यागीकन ठीक तरिकाले बुद्धयानी बन्न सकिदैन होला मेरो विचारमा ।

*आयोजक-*

लौत आज निकै सान्दर्भिक र ज्ञानवर्धक विषयमा छलफल गरियो । सहभागीहरू सबैले खूब चाख मानी यस छलफल कार्यक्रममा भाग लिनुभएकोले खुशी पनि लाग्यो ।

आजलाई विदा माग्न पर्ला । अर्को विषयमा पछि मात्र छलफल गर्नुपर्ला । ■

## ध्यानकुटी बाल आश्रमलाई सहयोग

| | |
|---|---|
| (१) कविदास ललितपुर | रु. ३५७५।- |
| (२) स्व. छोराको पुण्य स्मृतिमा तीर्थ देव, वद्रीकुमारी मानन्धर | रु. २१००।- |
| (३) धर्मवीर शाक्य, जमल | रु. ५००।- |
| (४) सुमनकमल र रमा समूहद्वारा लुगा प्रदान । | |
| (५) Soma De Silva Srilanka Unicef | Rs. 5000/- |
| (६) Fusako Okamoto Japan Jica | Rs. 2000/- |

# अष्ट श्लोकी मतिशोधन अभ्यास

मूल लेखक: **दलाइ लामा**
अनु. **नातिभाइ स्थापित**

मतिशोधन: सैं भाषं लोजोङ्ग धाइसा नेवा भाषं मतिशोधनी धका: अनुवाद याई । भीगु असभ्य मनयात बसेतया: वइत तालिम वियेगु उपदेशहे लोजोङ वा मतिशोधनी धाइ । मेकथं धाय्माल धा:सा मन शुद्ध याय्गु धाई ।

बुद्धउपदेशं थ्वइत छु धाई धा:सा भीत सुख जुइगु फुकं न्ह्यापाया कुशल कर्मया फलकथं उत्पन्न जुइगु ख: । ख:, विज्ञान व प्रविधिं या:गु चमत्कारी पुर्ण उन्नतिं याना: थौंया समाजे वृहत रूपं थ:गु भौतिक साधनया विकाश जुइ धुंकूगु जुल । उकथं थ:गु भौतिक वातावरण ज:ख: अनेकमात्राय् आराम सुख सुविधा वोसानं तबि भीसं हानं आपालं आपा समस्या नाप धा:सा सामना यानातुं च्वनेमा: । गथेकि: अनिकाल, फय्, वाफये वावया: छ्वैं बुँ चुइक:यैंकीगु चल:वनीगु भोखाय् ब्वईगु इत्यादि थुजोकथंया प्राकृतिक प्रकोपत ख:, उकियात भीसं माने मयासे गा:गु मखु । हानं मेकथं भीगु गुलिखें समस्यात ख:, भी मनुखं हे दयेका वयाच्वंगु ल्वापु, ख्यापु, थ:थ: धारणाया मतभेद, इ्यला:, अपराध इत्यादि । गोली, बम, आणविक विनाश आदिया ग्या: चिकु या भयं क्वचिंका: म्वानाच्वनापिं जुल, अले मानवताया फुकं आदर्शत ल्व:मंका चिचीधंगु खँय्तकं मनूत ल्वापु - ख्यापु यानाच्वनी ।

आ:नं भीसं न्हिया न्हिथं दु:खद खबरत न्यनाच्वना । थुकिं हे क्यँ कि भीगु जीवन सुरक्षित मदु । परा:पुर्वनिसें भीगु आधारभूत मनूया समस्या अनया अनंतुँ दु । भतीचा नं ह्युगु खनेमदु । उकिं थुकिया लिच्व: कथं निश्चययाना: भीसं धायेफु कि वैज्ञानिक उन्नतिं जक भीगु मनोवैज्ञानिक वा: भौतिक सुख या साधन मखु । भीसं सुख व दु:ख निगुलिं सामना यायेगु त्वते फइमुख, अथेजूगुलिं भीसँ थ:गु मनयात सत्यया लँपुई न्ह्याकेत कुत: यायेगु तसकं हथाय् जुल । भीगु फुकं समस्याया हाहे स्वार्थी केन्द्रित आशक्तिसं च्वनाच्वंगु दु । फुकं कलह, मतभेद, शोषण, ल्वापु-ख्यापु कचवं आदि थ्वहे आत्मीय केन्द्रित स्वार्थया परिणाम ख: । उकिया हुनिं भीगु फुकं दु:खया मूल हुनिंहे स्वार्थी, आत्मात्कर्षी चित्त जूगुलिं उकियात भीसं 'मतिशोधनया' अनवरत कुत:याना: परिशोधन यायेमा: ।

शाक्यमुनि बुद्धं न्ह्याकाविज्यागु प्रज्ञोपाय्या परम्परा पाखें विकसित जूगु लोजोङ 'मतिशोधन' अभ्यास्या छगू क्वातुगु ग्रन्थ प्रमाण दुगु ख: । थ्व मतिशोधन अभ्यासया स्रोत आचार्य नागार्जुन आदिपिनि इलँनिसें न्ह्याना वया च्वंगु महायान सूत्र उपिं आचार्य गुरुपिनिगु कृतिसं दुगुजुल । थुगु मतिशोधन अभ्यासया खँ गुरु दलाइलामाजुया प्रस्तुत नेपाली भाषाँ अनुवाद जूगु लाङ्ग्री थाङ्गपा कृत धा:गु सफुतिं संक्षिप्तं नेपाल भाषां अनुवाद यानागु जुल ।

मनूतय्सं अनेकथंया भाग वा थीथी कथं धर्म मानेयानाजुई । अथेसानं तबि मनूजूगुया नातँ भी फुकं समान ख: । भी फुकसिकें अन्तर्निहित 'जि' धइगु धारणा दु, व भीपिं सकसियाँ सुख यो दु:ख यइमुख । "जित: सुख जुइमा, दु:ख मजुइमा' थुकथंया धारणा थ:गु दुने मनेतया: भीपिं थ:गु जीवन हनाच्वनी ।

थुकथं - सुख जुइगु व दु:ख मजुइगु आशिका भी फुकसियां समान अधिकार या खँ ख: । सुख जुइगु व दु:ख मजुइगु उपायसँ गुगु पत्ती उपो भिं धयागुखँय् भीपिं मध्ये हरेकया थ:थ:गु कथंया विचा: दयाच्वनी, अले वहे ल्याखँ भीसं जीवन हनाच्वनी । भीसं मालेगु सुख व मदेकिगु दु:खया प्रकृति निर्धारण यायेया लागी भीसं दु वाला स्वलसा छु खनेदइ धा:सा, विभिन्न रूप दु, अथेसां नं संक्षिप्तं धायेगु ख:सा उकिया निगूकथंया रूप जक दु, शारीरिक सुख व दु:ख अले मानसिक सुख व दु:ख ।

भौतिक प्रगति शारीरिक दु:ख मदेकेया लागी तिव:जुइ । तर वास्तवे थ्व बाह्य माध्यमिक पाखें जक फुकं दु:खत निवारण याना: पूर्ण सन्तुष्टि कायेत अतिकं थाकुई उकिं बाह्यवस्तुया निर्भरे सुख मालेगु व थ:गुहे आन्तरिक मानसिक विकासया भरे सुख मालेगु थुपिं निगूया दुने त:धंगु भिन्नता जूवई । उलिजक मखु, मौलिक दु:ख समान जूसांतवि व दु:ख भोगेयायेबले भीगु

मानसिक अशान्तिं उकियात सृजना या:सां तवि भीत त:धंगु अन्तर महसुस जुई । थ्व उगुप्रतिया थ:गु धारणाय् निर्भर जुइगु खँ ख: । उकिँ भीसं गुकथं जीवन यापन यायेगु ख: उयालागि भीगु मानसिक धारणा अतिकं महत्वपूर्ण जू ।

थ:गु मानसिक धारणायात अनुकुल यायेगु नियम व उपदेश प्रदान याइगु आपालं धर्मत दु, अले विना अपवाद फुकं धर्मत मनयात शान्ति पूर्ण, अनुशासित शीलवान व नैतिकवान् जुइकेगुली हे सम्बन्धित जुई । उकथंहे दर्शने आपालं फरक जूसां तबि फुकं धर्मया लक्ष धा:सा छगूहे ख: । वास्तवे यदिभिपीं दार्शनिक आजेविजोलय् जक तकेना च्वनधा:सा विवादया छुँ हे पूवनी मखु । चाहे न्हयागुहे धर्मपाखें थजुइव्यु, उकिँ भीसं सेनाकायेगु भिं जुइकेया लागि निर्धारित निति-नियमत भीगु न्हियान्हिथं जीवनयात छयलेगुहे त:धंगु उपयोगि व अर्थपूर्ण जूवनी । *क्रमश:*

---

# आज हामी जाग्नु छ !

✍ सुमेधावती

जाग-जाग हे नर-नारी
देशमा शान्ती ल्याउनु छ ।
शिक्षित भई शान्ती ल्याउन्
बुद्ध शिक्षाको आज खाँचो छ ।

शिक्षा दिने गुरुको शरणमा जाऔं हामी
आखाँमा बाँधेको कालो पट्टी खोलूं
झूठ के हो सत्य के हो जान्न सकौं
हिंसा कर्म दुर्गति हो भनि जानौं ।

हिजो के थियो आज के भईरहेछ, भोली के हुन्छ ?
शुद्ध मनले निस्वार्थ भावले चिन्तन गरौं
सारा प्राणीहरूको दु:ख मेरै हो भनि थानौं ।
राग, द्वेष र मोहले कहिले हुँदैन उन्नति ।

चौरासी जुनीमा बल्ल पाउने मान्छेको जीवन
किन व्यर्थ फाल्नु यो अमूल्य जीवन
होशमा रही सबैलाई जिउन देऊ, बाँच्न देऊ
सारा प्राणीहरू प्रति मैत्री र करुणा राखौं

आजको दिनमा बुद्धको उपदेशको खाँचो छ ।
शील, समाधी र प्रज्ञालाई बुझ्नु छ ।
जीवन जिउन कलाको शिक्षा कमी छ ।
के गर्नु हुन्छ, के गर्नु हुँदैन भन्ने कुरा जान्नु नै छ ।

किन गर्छौं झै-झगडा र हिंसा कर्म ?
मनले तनले गर्छ व्यभिचार बारम्बार
किन नाम आउँछ धर्मको बदनाम
आफूले-आफैलाई नियालेर हेर म को हूँ भनेर

जस्ले बाँच्न जान्दछ त्यसले बचाउन जान्दछ ।
म भन्ने जान्नेले अरुलाई बचाउँन जान्दछ
मन वचन र कर्मको नारा मात्र होइन
खेतमा बीऊ छरे झैं हातले पनि शुद्ध कर्म गरौं ।

हिन्दु, मुस्लीम, शिख, इसाई र बुद्ध
अनेक नाम अंकित धर्ममा लगाउन छोडौं ।
धर्म एउटै मात्र हुन्छ, जहाँ हिंसा हुँदैन
आज हामी जागौं बुद्ध शिक्षा लिएर ।

भवतु सब्ब मंगलम्

## यो पनि जानी राखे राम्रो ... ....

### बलि प्रथाविरुद्ध जुलुस

हिन्दू धर्मावलम्बीहरूले बडादशैंमा परम्परागत रुपमा चढाइने गरेको पशुबलिको विरोधमा लहानस्थित विभिन्न संघ-संस्थाहरूले शनिबार विरोधजुलुस प्रदर्शन गरेका छन्। गायत्री परिवार लहानका अध्यक्ष सुशीलचन्द्र अधिकारीले बलि प्रथा हिन्दू धर्मविरुद्ध भएको चर्चा गर्नुभयो।

जुलुसमा ब्रह्मकुमारी राजयोग सेवा, कविर सम्प्रदाय, गायत्री परिवार र अन्य धार्मिक संस्थाहरूको सहभागिता थियो । सिरहा जिल्लाको विभिन्न शक्तिपीठहरूमा बीस हजारभन्दा बढी खसी, बोका, राँगा र पंक्षीहरूको बलि चढाइने गरेको छ ।

*साभार: सिरहा, (ने.स.)*

### धैर्यताको नमुना: बत्तीस वर्ष अस्थायी

चरिकोट, असोज ५ । सरकारी कार्यालयमा ३२ वर्षसम्म अस्थायी कर्मचारीका रूपमा काम गरेर दोलखा जिल्ला खोपाचागु गाविसका झपटबहादुर खड्काले धैर्यताको उदाहरण दिएका छन् ।

जिल्लाको विगु गाविसस्थित अतिरिक्त हुलाकमा ३२ वर्षअघि अस्थायी नियुक्ति पाएका झपटबहादुरले अझै पनि अस्थायी जागिर खाने धैर्यता तोडेका छैनन् । कर्मचारी ऐननियमअन्तर्गत अस्थायी कर्मचारीको पनि अनुभवको आधारमा स्थायी र बढुवा गर्दै जानुपर्ने व्यवस्था भए पनि झपटबहादुरका लागि ती कानून लागू हुन सकेन ।

२०२७ साल मंसिर १५ गते नियुक्त भएका झपटबहादुर स्थायी नियुक्ति पाउनका लागि जिल्ला हुलाक कार्यालय पहल गरे पनि आफू सफल हुन नसकेको बताउँछन् ।

२२ वर्षको उमेरदेखि जागिर खाएका उनी हाल ५४ वर्षका भइसकेका छन्। उनी भन्छन्, 'अब त स्थायी हुने उमेर पनि गइसक्यो । तर पनि सरकारले केही गरिदिन्छ कि भन्ने आशाचाहिँ छ।'

झपटबहादुर ३२ बर्षअघि विगु अतिरिक्त हुलाकमा अस्थायी नियुक्त भई हालसम्म पनि त्यहीं कार्यरत छन्। ३० रुपैयाँ तलब हुँदादेखि कर्मचारी बनेका झपटबहादुरको अहिले तलब बल्ल नौ सय ५० रुपैयाँ पुगेको छ । *साभार: स्पेसटाइम संवाददाता*

### देवीलाई खुशी पार्न बालकको बलि !

भारतको एउटा दुर्गम गाउँमा स्थानीय देवीलाई खुशी पार्न एक सात वर्षीय बालकलाई बलि चढाउने अन्ध विश्वासी एक व्यक्तिलाई शनिबार त्यहाँको प्रहरीले गिरफ्तार गरेको छ ।

प्रहरीले जनाएअनुसार उडीसा राज्यस्थित एक दुर्गम गाउँमा सेप्टेम्बर ३० मा उक्त घटना भएको थियो । यसका लागि आर्त साहू नामक उक्त अपराधीले सिताकान्त वेहेरा उर्फ जग्गालाई रञ्जगोल गाउँस्थित घरबाट अपहरण गरेको थियो ।

साहुले त्यसपछि स्थानीय हिन्दूदेवी 'काली' लाई खुशी बनाउन अपहरित बेहेरालाई बन्चरोले काटी मन्दिरमा चढाएको कुरा प्रहरीले बताएको छ ।

वरिष्ठ प्रहरी अधिकृत अरुण बोहराले एएफपीलाई बताए अनुसार साहुले अपराध स्वीकार्ने क्रममा आफूले सपनामा देवीले बालकको बलि चढाएमा मात्र सुरक्षित रहने भन्ने देखेकोले उक्त अपराध गर्न पुगेको हो ।

'यसका लागि आफूलाई कुनै पश्चाताप नभएको किनकि आफूले उसलाई देवी कहाँ पुऱ्याइदिएको भन्ने कुरा पनि उनले प्रहरीसमक्ष बताए ।

*साभार: धेनकनल, भारत, (एएफपी)*

### पूजाको प्रसाद खाएपछि दर्जनौं बिरामी

धैलाडुब्बा-२ निवासी मेदनीप्रसाद ओलीको घरमा शुक्रबार आयोजित एक धार्मिक अनुष्ठानको प्रसाद खाएपछि दुई दर्जनभन्दा बढी व्यक्ति बिरामी परेका छन्। बिरामी परेका २२ जनालाई विभिन्न अस्पतालमा उपचारका लागि भर्ना गरिएको छ ।

विभिन्न अस्पतालमा भर्ना भएकामध्ये हाल लाइफ लाइन दमकमा उपचार गराइरहेका विनय थपलिया र उनका ११ वर्षीय छोराको अवस्था चिन्ताजनक तथा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भर्ना गराइएका ७ वर्षीय उज्वल भुजेल तथा १० वर्षीय विकल ओलीको अवस्था गम्भीर रहेको उपचारमा संलग्न स्वास्थ्य कर्मीले बताएका छन्।

प्रसाद खाएको केही समयभित्रै ज्वरो आउने, भुँडी दुख्ने, झाडा-पखाला हुने, बान्ता हुने भएपछि उपचारका लागि विभिन्न अस्पतालामा भर्ना गराइएकामध्ये १३ जनाको आम्दा अस्पताल दमक र ७ जनाको लाइफ लाइन अस्पताल दमकमा उपचार भइरहेको छ ।

लाइफ लाइन अस्पतालका डा. बीसी शुल्वाका अनुसार खाद्यपदार्थ विषाक्त भएकाले फुड प्वाइजनिङ भएको हुनसक्छ । *साभार: झापा, (ने.स.)*

## रक्सीको सुरमा श्रीमती मार्ने थुनामा

दशैंको विषयलाई लिएर घरमा सामान्य भनाभन भएपछि रक्सीको सुरमा आफ्नी श्रीमतीको हत्या गर्ने गणेशस्थान गाविसका २९ वर्षीय दामोदर थापामगरलाई प्रहरीले थुनामा राखेको छ ।

घटना विवरणअनुसार बडादशैंको महानवमीको दिन दिउँसै रक्सी पिएर घर आएका थापामगरले आफ्नी कान्छी श्रीमती उमा थापामगरसँग सामान्य भनाभन गरेपछि आक्रोशित भई कोदालोले श्रमितीको टाउकोमा प्रहार गरेपश्चात् घटनास्थलमै उनको मृत्यु भएको थियो ।

अभियुक्त थापामगरले केही वर्षअघिदेखि राजधानी काठमाडौंमा गाडीमा खलासीको काम गर्दै आएका थिए भने सोही क्रममै उनले उमासँग प्रेम गरी दोस्रो श्रीमतीको रूपमा भित्र्याएका थिए । त्यसपछि उनकी पहिलो श्रीमती सीताले गत जेठमा ४ वर्षको छोरालाई लत्याएर पौइल गएकी थिइन् ।

जेठी श्रीमतीले छोडेर गएपछि निम्नवर्गीय दामोदरको कुलतमा सच्याउनेबहानामा कान्छी श्रीमती उमाले पनि बेलबेलामा पोइल जान्छु भन्ने गरेकोले सो पीडाका कारण आफूले उमाको हत्या गरेको जिल्ला प्रहरी कार्यालयसमक्ष उनले स्वीकार गरेका छन् ।

*साभारः नुवाकोट, (ने.स.)*

## घरेलु हिंसाविरुद्ध महिला अग्रसर

स्याङ्जा, असोज ५ । पढाउने सर्तमा पुनसी बजार-१० की एक युवती श्रीमान्ले बिहेअघिको सहमतिअनुसार नपढाएपछि पारपाचुकेका लागि अदालतको ढोका ढक्ढक्याउन पुगेकी छन् ।

एक बच्चाकी आमा बनिसकेकी बेलवासकी २० वर्षीया मेना श्रेष्ठ चार महिनाको छोरा काखमा च्यापी स्याङ्जा जिल्ला अदालतको ढोकामा न्यायका लागि पुगेकी छिन् । उनको दुई वर्षअघि विवाह भएको थियो ।

पति र सासू मिलेर सधैं कुटपिट गर्ने, खान नदिने र पढ्न पनि नदिने कारण नै मेनाका लागि सम्बन्धविच्छेदको प्रमुख कारण बन्न पुगेको छ । लोग्ने र सासूलाई क्याम्पस पढ्न जान्छु भन्नु नै कुटपिटको कारण बनेको छ- उनी भन्छिन्- छोरीलाई त पढाएका छैनौं अझ तँलाई भन्दै कुट्छन् ।

मेना श्रेष्ठ घरको पीडा सहन नसकेर माइतीको सहयोगमा सम्बन्धविच्छेदका लागि कानुनी सल्लाह गरेर अदालतको सहारा लिन पुगेकी हुन् । त्यस्तै लोग्नेको शारीरिक यातनाबाट पीडित भएर दासिंङ दहथुम गाविस-२ की २६ वर्षीया रमा गोदार विवाह भएको पाँच वर्षपछि पारपाचुकेका लागि अदालतको निर्णय कुरेर बसेकी छिन् ।

'छोरीमात्र जन्माइस् भन्ने निहुँमा लोग्नेले सधैं आफूलाई कुटपिट गरे,' उनी भन्छिन्- 'लोग्ने र परिवार बाट मानसिक एवं शारीरिक यातना खप्न नसकी पार पाचुके गर्ने निर्णय गरेकी हुँ ।'

खिलुङ् देउराली गाविस-९ की २८ वर्षीया कोपिला पराजुली लोग्नेको कुटपिट सहन नसकी जिल्ला प्रहरी कार्यालय स्याङ्जामा आइपुगेकी छिन् । सौता बन्न आएकी कोपिलालालाई विवाह गरेको २२ दिन पुग्न नपाउँदै जेठी श्रीमतीको निर्देशनमा लोग्नेले रक्सी पिएर दैनिक कुटपिट गरेका थिए । अन्तिम पटक मरी भनेर लोग्नेले फालिदिएको ठाउँबाट उठेर कोपिला अहिले माइतीको शरणमा बसेकी छिन् । हाल उनले जिल्ला प्रहरी कार्यालय स्याङ्जामा पतिको विरुद्धमा निवेदन दिएकी छिन् ।

बाबुआमाको करकापले १५ वर्षकै उमेरमा पराइघर जान बाध्य कमला खड्काका लागि सम्बन्धविच्छेद आफ्नो इच्छाभन्दा पनि बाध्यता बनेको छ । 'सम्बन्धविच्छेद नगरी बाँच्नै मुस्किल परिसक्यो', वालिङ-३ निवासी कमला भन्छिन्, 'सहने जति सहिसकें, कुटपित र यातनाले उग्रता लिएपछि पारपाचुकेको निर्णय गरेकी हुँ ।"

'विवाहको बेलामा माइतीले दिएको तिलहरी र दाइजोको सामान सबै नै लोग्नेले तास खेलेर र रक्सी पिएर सिध्याए, माइतीबाट सम्पत्ति ल्याइनस् भन्छन्' आफ्नो पीडा आँसु छचल्काउँदै उनले भनिन् ।

सम्बन्धविच्छेदका लागि जिल्ला अदालत आउने अधिकांश महिला आफ्नै लोग्नेबाट पीडित छन् । अधिकांश निवेदन खान दिएन, घरबाट निकालिदियो, कुटपिट गऱ्यो भन्दै पारपाचुकेका लागि परेका देखिन्छन् ।

अदालतमा परेको उजुरीलाई मात्र हेर्ने हो भने सम्बन्धिविच्छेदको प्रमुख कारण घरेलु हिंसा बन्न पुगेको अधिवक्ता विष्णुप्रसाद डुम्रेले स्पेसटाइमलाई बताउनुभयो ।

गत वर्ष जिल्ला अदालत स्याङ्जामा पार पाचुकेका सम्बन्धका २५ मुद्दा किनारा लागिसकेको जिल्ला अदालत स्याङ्जाले जनाएको छ । सम्बन्धिविच्छेदको प्रमुख कारण घरेलु हिंसा नै भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी निरीक्षक परशुराम ठकुरी बताउनुहुन्छ । *साभारः स्पेशटाइम, - राजेन्द्र डुम्रे ।*

# अहो ! संसार !!

✍ माधवी गुरुमां

अहो ! संसार ! धिक्कार खनी ।
लोभी व पापी ल्यनाच्वन खनी ।
भिंपिं यक्कों मदयावन थन ।
मभिंपिं जक अपो ल्यनाच्वन थन ।
मानव शरीरे दानव दुबिनाच्वन ।
काटाकाट मारामार यानाच्वन ।
अमूल्य जीवनया मू भति हे मसिल खनी ।
व्यर्थे मनूत फुनाच्वन खनी ।
दया व माया भ्याः भचा हे मन्त खनी ।
मनू स्यायगु हे खिचा स्याय् थें जुल खनी ।
अहो : थ्व संसारे छु जूगु थन
अथे थथे छुं हे धाय् मफुत थन ।
अड्डाय् सोसा घुस नइपिं जक अपो थन ।
न्याय अन्याय छुं हे मन्त थन ।
सत्य फुक्कं तना तना वन
असत्यया मू ध्यवा पोले लाःवन ।
अहो ! संसारे छु जूगु खनी थन ।
धर्मं फुक्कं तना तना वन थन ।
गुलिं गुलिं त्यागीपिं हे नं
लोभया जाले तक्यंकाच्वन ।
स्मृति तंकाः इज्जत मिया च्वन ।
ख्वाःपालं पुनाः भिं मनू धायकाच्वन ।
बुद्धया उपदेश लुमंके मफयाच्वन ।
लोभी व पापी बढे जुयाच्वन ।
गबले जक दुःखं मुक्त ज्वीगु खै थुपिं ।
पापी नुगः घानाः योयोथे सनाजूपिं ।
दुःखं मुक्त ज्वीयोसा भ्रीपिं ।
ज्ञानी ज्वीमाल थौंनिसें स्वभ्रीपिं ।

बुद्ध-धर्म चिनाखँ

# छु महान ?

✍ दोलेन्द्र रत्न शाक्य
चाकुपाट, यल ।

१) काय वाक कर्म शुद्धया, थ्व हे शील महान ।
२) मनयात बसे ति, थ्व हे समाधि महान ।
३) सम्यक दृष्टि ब्वलंकि, थ्व हे प्रज्ञा महान ।
४) भव-बन्धन चफुना छ्वव, थ्व हे धर्म महान ।
५) चित्तयात निर्मल या, थ्व हे कर्म महान ।
६) निर्वाणया साक्षात्कार या, थ्व हे सुख महान ।
७) पञ्चोपदानय् आसक्ति, थ्व हे दुःख महान ।
८) थःत थःम्हं त्याके फय्कि, थ्व हे जीत महान ।
९) संसार दुःखमय हे खः, थ्व हे सत्य महान ।
१०) आर्य मध्यम प्रतिपदा, थ्व हे मार्ग महान ।
११) रागद्वेषादि मारसेना, थ्व हे शत्रु महान ।
१२) श्रद्धा, वीर्य, सति व प्रज्ञा, थ्व हे मित्र महान ।
१३) संसार सागरं पार जु, थ्व हे कुतः महान ।
१४) दुःखमुक्तिया भिं अवस्था, थ्व हे शान्ति महान ।
१५) मनुष्य जीवन सार्थक या, थ्व हे जन्म महान ।
१६) शील, समाधि व प्रज्ञा, थ्व हे धन महान ।
१७) बहूजन हित याय्गु, थ्व हे गुण महान ।
१८) अविद्यायात चीका छ्वव, थ्व हे विद्या महान ।
१९) थःगु द्वीप थःहे जु, थ्व हे शर्ण महान ।
२०) बुद्ध, धर्म व संघरत्न, थ्व हे रत्न महान ।
२१) थःत यःगु बस्तु इना ब्यु, थ्व हे त्याग महान ।
२२) धर्मया सन्देश दान ब्यु, थ्व हे दान महान

भवतु सब्ब मंगलं

## 'धर्मकीर्ति' पत्रिकाको विशेष सदस्यहरू

क्र.सं. ३८२

सुश्री विभा अमात्य
कालधारा, पकनाजोल ।
रु. १०००।-

क्र.सं. ३८३

श्रीमती समुद्र देवी ताम्राकार
ताहाचल, काठमाडौं ।
रु. १००५।-

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारीय कक्षाको प्रतिवेदन

**वर्तमान अवस्थामा बुद्ध धर्म**

२०५९ आश्विन १२ गते, शनिवार

स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघः ।

यसदिन श्रद्धेय भिक्षु आनन्दले "वर्तमान अवस्थामा बुद्ध धर्म" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो - "विश्वमा जतिपनि धार्मिक सम्प्रदायहरू छन्, ती सबै तीन वादहरू अन्तर्गत पर्दछन् ।

१) पिटक सम्प्रदायवाद २) बुद्धिवाद र ३) इन्द्रिय प्रत्यक्ष ज्ञान

१) पिटक सम्प्रदायवाद

ग्रन्थमा उल्लेखित सबै कुराहरू ईश्वरको भनाई हो । त्यसैले यसमा विश्वास गर्नैपर्छ । यस किसिमका धारणा राख्ने सम्प्रदायका व्यक्तिहरूले कुनै कुराको निर्णय गर्नु परेमा ग्रन्थलाई नै प्रमाणको रूपमा मान्ने गर्छन् । उनीहरूको मूख्य लक्ष नै देवतालाई खुशी पारेर वरदान लिएर जीवन सुखी पार्नु हो । ईश्वर खुशी पार्ने क्रममा यिनीहरूले बलि चढाउने कार्य पनि गर्छन् । यी सम्प्रदाय भक्तिमार्ग अन्तरगत पर्दछ । यसमा धेरै भेदभाव पाइन्छ ।

२) बुद्धिवाद

यस वादमा पर्ने व्यक्तिहरू भक्तिमार्गबाट अलग्ग भएर आफ्नो बुद्धि विवेकले छलफल गरिसकेपछि मात्र निर्णय गर्ने गर्छन् । यिनीहरू के गऱ्यो भने भौतिक सुख प्राप्त हुन्छ भन्ने विषयमा मात्र केन्द्रित हुन्छन् । वर्तमान समयमा पनि भौतिकवादलाई मात्र प्राथमिकता दिएको पाइन्छ । यसले गर्दा आज विश्वमा प्राविधिक र आर्थिक विकास त भयो तर आध्यात्मिक विकास नभएको कारणले गर्दा विकृति बढदै गएको देखिन्छ ।

३) इन्द्रिय प्रत्यक्ष ज्ञान

भक्तिमार्ग र बुद्धिवाद भन्दा भिन्न ज्ञान हो यो । जसमा आ-आफ्नो अनुभव र अनुभूतिद्वारा मात्र ज्ञान प्राप्त गर्ने गर्छन् । त्यसैले यस वादका व्यक्तिहरू यथार्थ वादी हुन्छन् । यसलाई हेतुवाद पनि भनिन्छ ।

यसरी इश्वरलाई खुशी पारे तापनि भौतिक सुविधा सम्पन्न भए तापनि मानिसमा हुनुपर्ने मानसिक शान्ति प्राप्त हुन सकेको छैन । मानसिक शान्तिको अभाव हुनुको प्रमुख कारण नै आदर गौरवको कमी, एक आपसमा हुनुपर्ने सुमधुर सम्बन्धको कमी र स्वार्थी भावना बढ्दै जानु आदि हो । जबसम्म सामाजिक, साँस्कृतिक र मनोवैज्ञानिक विकास हुँदैन, तबसम्म विकृतिहरू आइ नै रहन्छन् । धर्म भनेको नै अरुलाई सुख र शान्ति दिनको लागि हो । त्यसैले मानसिक शान्ति पाउनको लागि २५०० बर्ष अगाडि नै बुद्धले पत्ता लगाउनु भएको मार्ग विपश्यना भावनाले मात्र शान्ति प्राप्त हुन सकिने छ । यस ज्ञानको प्रत्यक्ष अनुभवद्वारा मात्र अनित्य दुःख र अनात्मलाई बुझी मूल दुःखबाट अलग्ग हुन सकिनेछ ।

**२०५९ आश्विन १९ गते, शनिवार**

स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघः ।

**विषय- परियत्ति**

प्रस्तोताः अम्बिका शाक्य

यसदिन ञाणवती गुरुमांले 'परियत्ति" विषयमा प्रवचन दिनुहुँदै भन्नु भयो- "भगवान बुद्धले देशना गर्नु भएको शिक्षालाई तीन शासनमा विभाजन गरिएका छन्- १) परियत्ति शासन २) पटिपत्ति शासन र ३) पटिवेध - शासन आदि ।

परियत्ति शासनले ग्रन्थधूरलाई बुझाउँदछ । यसमा शील नियमहरू र समाधि गर्ने तरीका र बौद्ध दर्शन तथा बौद्ध ग्रन्थहरू समाविष्ट रहेका छन् ।

बुद्ध उपदेशित शिक्षा अध्ययन कार्यलाई परियत्ति शासन तहमा राखिएको पाइन्छ ।

पटिपत्ति शासनले मार्ग पक्षलाई बुझाउँदछ । आफुले अध्ययन गरिएका बुद्ध शिक्षालाई आफ्नो व्यवहार मा प्रयोग गर्ने अवस्थालाई पटिपत्ति शासन भनिन्छ ।

पटिवेध शासनले ज्ञान पक्षलाई जनाउँदछ । बुद्ध शिक्षा अध्ययन गरी, त्यसलाई व्यवहारमा उतारिसकेपछि त्यसबाट प्राप्त हुने फल उपभोग गर्ने अवस्थालाई पाटिवेध शासन भनिन्छ । "यसरी हाम्रो मनुष्य जीवन सफल वनाउन यी ३ वटा तहहरूलाई पारंगत गर्न सक्नुपर्दछ ।"

**२०५९ आश्विन ९ गते, बुधवार**

स्थान- धर्मकीर्ति विहार श्रीघः नःघः

**विषय- क्षान्ति**

प्रस्तोता - नीता केशरी

यसदिन अनुपमा गुरुमांले "क्षान्ति" विषयमा प्रवचन दिनुभएको थियो । यही सिलसिलामा उहाँले भन्नुभयो- "३८ वटा मंगलहरू मध्ये क्षान्ति पनि एक मंगल हो । भनिएको पनि छ सहनु नै सहस्र गुण हो । दश पारमिताहरू मध्ये क्षान्ति पारमिता पनि एक अमूल्य पारमितामा गनिन्छ ।

भनिन्छ बुद्ध बन्नका लागि क्षान्ति पारमिता समेत गाभिएका ३० वटा पारमिताहरू (दश पारमिता, दश उप पारमिता र दश परमत्थ पारमिता) पूरा गर्न अत्यावश्यक छ ।

हाम्रो सफल जीवनको लागि हरेक क्षत्रमा सहनशीलता अर्थात् सहन सक्ने गुणले ठूलो भूमिका निभाएको हुन्छ । त्यसैले शान्त पूर्ण, सन्तोषपूर्ण सफल जीवनको लागि क्षान्ति अत्यावश्यक रहेको हुन्छ ।

## त्रिपिटकधर सयादो उ सुमंगलालंकारलाई धर्मकीर्तिमा स्वागत

२०५९ कार्तिक ७ गते, विहिवार ।

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी धर्मकीर्ति विहारको आयोजनामा त्रिपिटकधर सयादो उ सुमंगलालंकार लाई स्वागत कार्यक्रमको आयोजना गरिएको थियो । यस अवसरमा सयादो उ सुमंगलालंकारले प्रवचन दिनु हुँदै भन्नुभयो- "हाम्रो जीवन सफल पार्नको लागि राम्रो मार्ग देखाउने गुरुको खाँचो हुन्छ । त्यसैले हरेक व्यक्तिले आफ्नो मार्ग निर्देशक गुरु भज्न अगाडि उक्त गुरुको गुणलाई जाँच्न आवश्यक छ । जो पायो त्यस व्यक्तिलाई गुरु मानी त्यसको निर्देशनमा आफूलाई लगाइयो भने धोखा खाने र खाल्डोमा खस्ने डर हुन्छ । गुरु बन्नका लागि ३ वटा गुणहरू हुन आवश्यक छ । ती यसरी छन् १) विशुद्ध ज्ञानका ज्ञाता २) मैत्री र करुणा चित्तले परिपूर्ण ३) विश्वास पात्र ।

भगवान बुद्ध यी तीनवटा नै गुणहरूले परिपूर्ण हुनु हुन्छ । उहाँ सर्वज्ञ, मैत्री र करुणाका खानी र सबै प्राणीका लागि विश्वास पात्र पनि हुनुहुन्छ ।"

वर्मी भाषाबाट दिनु भएको प्रवचनलाई धम्मवती गुरुमांले नेवारी भाषामा रूपान्तर गरी सुनाउनु भएको थियो । उक्त कार्यक्रममा उपासिका लक्ष्मीहीराले सयादो उ सुमंगलालंकार लाई स्वागत कविता पढेर सुनाउनु भएको थियो ।

अन्त्यमा धर्मकीर्ति विहारका गुरुमांहरू लगायत उपस्थित थुप्रै उपासक उपासिकाहरूले सयादोलाई सश्रद्धा दान प्रदान गरी कार्यक्रम समापन गरिएको थियो ।

## नवनिर्मित धर्मकीर्ति विहार हस्तान्तरण हुने

धर्मकीर्ति विहारको पुरानो भवन भत्काई दाता भाइराजा साहु (द्रब्यमान सिंह तुलाधर) बसुन्धरा तुलाधर सहित सपरिवारको आर्थिक सहयोगबाट उक्त भवनको पुनः निर्माण कार्य पूरा भएको छ । उक्त नव निर्मित भवन यही कार्तिक ७ गते शनीवारका दिन धर्मकीर्ति संरक्षण समितिका अध्यक्ष धम्मवती गुरुमांलाई हस्तान्तरण गरिने भएको छ । विहार हस्तान्तरण कार्यक्रमको उपलक्षमा भाइराजा साहु परिवारले भिक्षु महासंघको तर्फबाट महापरित्राण पनि सम्पन्न गराइने कार्यक्रम रहेको छ ।

## अनिच्चावत संखरा

**संघारामया संस्थापक दाता द्वारीकादास श्रेष्ठ १०३ दँया बैशय् थ्व हे वंगु कार्तिक १७ गते विराटनगरय् दिवंगत जुयादीगु समाचार दु ।**

## धार्मिक कार्यक्रम

**धर्मकीर्ति विहारमा महिनाको ५ पटक (प्रत्येक महिनाको १ गते, अष्टमी दुई पटक, औंसी र पूर्णिमामा) बुद्धपूजाको पश्चात धर्मदेशना कार्यक्रम सञ्चालन भइरहेको छ ।**

## सूचना

**बौद्ध दर्पण, बुद्ध जीवनी आदि पुस्तक चाहिएमा धर्मकीर्ति विहारमा सम्पर्क राख्नु होला ।**

## शिखलापुर बौद्ध महाविहार दायक समिति गठन

२०५९ श्रावण १९ गते, आइतवार ।
स्थान- काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल ।

शिखलापुर बौद्ध महाविहारको संरक्षणका लागि बिहारका संरक्षक भिक्षु धम्मानन्द महास्थविरको अध्यक्षतामा निम्न लिखित महानुभावहरू सम्मिलित शिखलापुर बौद्ध महा बिहार दायक समिति गठन गरिएको समाचार छ ।

धम्मानुशासक- भिक्षु धम्मानन्द महास्थविर, अध्यक्ष बखतबहादुर चित्रकार, उपाध्यक्ष - कुल धर्मरत्न तुलाधर, महासचिव- कृष्ण कुमार प्रजापती, सचिव- संघरत्न शाक्य, कोषाध्यक्ष- रामकृष्ण बैद्य, सहकोषाध्यक्ष- सप्तरत्न बुद्धाचार्य, सदस्यहरू - डा. सानुभाई डंगोल, पूर्ण रत्न बज्राचार्य, रण बहादुर गुरूङ्ग, गणेश मान श्रेष्ठ, बाबुराम महर्जन, मणिरत्न तुलाधर, राम बहादुर मानन्धर, कृष्ण गोपाल श्रेष्ठ, काजी बहादुर राणाशाही, श्रीमती हीरा देवी श्रेष्ठ, गुलाफ माया मानन्धर, विष्णु रत्न शाक्य, लोक बहादुर शाक्य, र आशा रत्न तण्डुकार आदि ।

## सुधारिएको तरिकाले विवाह सम्पन्न

२०५९ आश्विन २९ गते, मंगलवार ।
पिप्पली थेरवादी बुद्ध विहार, सिफल काठमाडौं ।

तडक भडक तरिकाबाट बिबाह गर्ने प्रथालाई त्यागी सरल तरिकाले विवाह गर्ने तरका अपनाई भिक्षु आनन्द थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको सहयोगबाट महेन्द्र गुरुङ्ग र रजनी गुरुङ्गको बिबाह बौद्ध परम्परा अनुसार सम्पन्न गरिएको समाचार छ ।

## दश पारमिता पुस्तक विमोचन

२०५९ कार्तिक २ गते, शनिवार ।
स्थान- बुद्ध विहार, भृकुटी मण्डप ।

भिक्षु कुमार काश्यप महास्थविरद्वारा रचित, भिक्षु सम्यक सम्बोधी प्राणपुत्र र भिक्षु कौण्डञ्ञद्वारा नेपाली भाषामा अनुदित बोधिसत्त्व चर्या सम्बन्धि ग्रन्थ 'दशपारमिता' विमोचन गरिएको छ । महिला बाल-बालिका तथा समाज कल्याण मन्त्री




*दश पारमिता पुस्तक विमोचनको एक झलक*

माननिय गोरे बहादुर खपाङ्गिको प्रमुख आतिथ्यमा र भिक्षु अश्वघोष महास्थविरको सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा उक्त पुस्तक माननिय मन्त्रि गोरे वहादुर खपांङ्गिले नै विमोचन गर्नुभएको थियो ।

भिक्षु अश्वघोष महास्थविरले शील प्रार्थना गराउनुभई शुभारम्भ गरिएको उक्त कार्यक्रम सुखीहोतु नेपालको आयोजनामा संचालन गरिएको थियो । उक्त कार्यक्रमको सौजन्य त्रिभुवनधर तुलाधर परिवार भुरुङ्खेल रहेको थियो ।

सुखीहोतु नेपालका सचिव भिक्षु निग्रोधले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा आ-आफ्नो मन्तव्य ब्यक्त गर्नुहुने महानुभावहरू यसरी रहनुभएको थियो-

भिक्षु कुमार काश्यप, भिक्षु कौण्डञ्ञ, माननिय मन्त्री गोरे बहादुर खपाङ्गि, भिक्षु सुशील,



*दश पारमिता पुस्तक विमोचन गर्नुहुँदै माननिय मन्त्री गोरे बहादुर खपाङ्गि*

भिक्षुणी धम्मवती, डा. केशवमान शाक्य, र भिक्षु अश्वघोष आदि । कार्यक्रम संचालनार्थ सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी महानुभावहरूलाई भिक्षु निग्रोधले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## त्रिपिटकधर सयादो उ सुमंगलालंकारको नेपाल भ्रमण

२०५९ कार्तिक ६ गते, बुधवार ।

म्यानमारका त्रिपिटकधर सयादो उ सुमंगलालंकार २०५९ कार्तिक ६ गते काठमाडौं आइपुग्नु भई दश दिने नेपाल भ्रमण सम्पन्न गरी म्यानमार फर्कनु भएको छ । स्मरणिय छ, बुद्धले दिनुभएका उपदेशहरूको मौलिकतालाई यथावत् कायम राखी संग्रह गरिएका ८४ हजार धर्म स्कन्ध "त्रिपिटक" लाई कण्ठस्थ पार्न सक्षम व्यक्तिलाई मात्र "धिपिटकधर" पदवी प्रदान गरिन्छ । हालसम्म ६ जना जीवित त्रिपिटकधरहरू मध्ये सयादो उ सुमंगलालंकार पनि एक हुनुहुन्छ ।

दश दिने भ्रमण अवधि भित्र सयादो उ सुमंगलालंकारको अनुभव र बौद्ध दर्शन सम्बन्धि पत्रकार सम्मेलन पनि गरिएको थियो भने उहाँलाई प्रज्ञाभवन कमलादीमा अभिनन्दन पनि गरिएको थियो । भ्रमण अवधि भित्र उहाँले भक्तपुरको अरनिको भवन, ललितपुरको नागबहाल, र काठमाडौंको कमलादी स्थित नेपाल राजकिय प्रज्ञा प्रतिस्थान लगायत अन्य विभिन्न स्थानहरूमा प्रवचन गर्नु भएको थियो ।

## "शान्ति सन्देश" पत्रिका विमोचन

२०५९ कार्तिक ९ गते, शनिवार ।

स्थान- विश्व शान्ति विहार, नयाँ बानेश्वर, मीन भवन ।

विश्व शान्ति बौद्ध शिक्षालय, विश्व शान्ति विहार मीनभवनबाट विशेषाङ्कको रूपमा प्रकाशित पत्रिका "शान्ति सन्देश" बर्माबाट पाल्नु भएका त्रिपिटकधर सयादो उ सुमंगलालंकार को तर्फबाट विमोचन भएको समाचार छ ।

उक्त शान्ति सन्देशमा विश्व शान्ति शिक्षालयमा अध्ययनरत श्रामणेरहरूको शान्ति सन्देशहरू पठनीय छ, अध्ययन गर्न योग्य छ । उक्त शान्ति सन्देश विश्व शान्ति विहारको दर्पण पनि हो ।

## समवेदना

२०५९ कार्तिक १० गते, आइतवार ।

स्थान- बुद्ध जयन्ती समारोह समिति, बनेपा ।

बुद्ध जयन्ति समारोह समिति बनेपाका भू.पू. अध्यक्ष स्व. पूर्णचन्द्र शाक्यको ४५ औं दिने तिथीको पुण्य स्मृतिमा शील प्रार्थना, परित्राण पाठ र पूण्यानुमोदन कार्यक्रम सम्पन्न गरिएको समाचार छ । श्रद्धेय भिक्षु बोधिसेनको प्रमुख आतिथ्यमा सम्पन्न गरिएको उक्त समारोहमा आमन्त्रित अन्य महानुभावहरूले बनेपामा बुद्ध जयन्ति समारोहलाई संस्थागत रूपमा बिकास गर्न स्व. शाक्यले दिनु भएको महत्वपूर्ण देनबारे चर्चा गर्नुभएको थियो ।

## २२६४ औं शस्त्र परित्याग दिवस सम्पन्न

विभिन्न संस्थाहरूले २२६४ औं शस्त्र परित्याग दिवस मनाएको समाचार प्राप्त भएका छन्- २०५९ आश्विन २९ गते विजया दशमीका दिन मनाइएको उक्त कार्यक्रम यसरी उल्लेख गरिएका छन् ।

स्थान- पिपली थेरवादी बुद्ध विहार, सिफल काठमाडौं ।

थेरवाद बौद्ध दायक केन्द्रिय परिषद काठमाडौंको आयोजनामा महान धार्मिक सम्राट अशोकले शस्त्र अस्त्र परित्याग गरेको २२६४ औं दिवस भिक्षु भिक्षुणी र उपासकोपासिकाहरूको उत्साहजनक भव्य उपस्थितीमा हर्षोल्लासका साथ भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा र बखत बहादुर चित्रकारको सभापतित्त्वमा सम्पन्न भएको छ ।

श्रद्धेय भिक्षु अश्वघोषले सम्राट अशोकको हृदय परिवर्तन भई शस्त्र परित्याग गरी प्राणी मात्रको कल्याण कार्यमा लाग्नु भएको महत्त्व माथि प्रकाश पार्नु भएको उक्त समारोहमा भिक्षु आनन्दले "धर्म विजयबाट विश्व शान्तिको सन्देश" बारे कार्य पत्र प्रस्तुत गर्नु हुँदै सम्राट अशोकको महान धार्मिक अभियान अनुरूप घाटक प्रवृत्तिको मनोभावरुपी शस्त्रलाई परित्याग गरी प्राणी मात्रको रक्षार्थ विश्व कल्याण हुने वातावरण सृजना गर्नुपर्ने कुरालाई प्रस्तुत गर्नुभएको थियो । त्यसरी नै भिक्षुणी धम्मवतीले देशमा शान्ति ल्याउनको लागि ज्ञान चक्षु खोल्नुपर्ने विषयमा प्रकाश पार्नुभएको उक्त समारोहमा विष्णु शाक्यले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । यसरी नै उक्त कार्यक्रममा त्रिरत्न मानन्धर, शान्तरत्न शाक्य, खड्ग नारायण गुरूङ्ग, डा. सानुभाई डंगोल, र लोक बहादुर शाक्य

आदिले कार्यपत्र उपर टिप्पणी गर्नु भएको थियो । कृष्ण कुमार प्रजापतीले संचालन गर्नुभएको उक्त कार्यक्रममा सुश्री हीरा घलेले स्वागत भाषण गर्नु भएको थियो भने नारान बहादुर गुरूङ्गले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

**स्थान- नगदेश बुद्ध विहार ।**

बौद्ध ल्यायम्ह पुच: नगदेशको आयोजनामा विजया दशमीको दिनमा महान धर्म सम्राट अशोकले शस्त्र परित्याग गर्नु भएको गुणानुस्मरण गरी एक कार्यक्रमको आयोजना गरियो ।

उपासक उपासिकाहरूबाट सामूहिक पञ्चशील प्रार्थना पश्चात् शिवभक्त मेजुको सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा पुच:का सदस्य श्री लक्ष्मी कृष्ण तकोले स्वागत मन्तव्य प्रकट गर्नु भएको थियो । कृष्ण कुमार प्रजापतीले "बौद्ध जगतमा बिजया दशमीको महत्त्व र शस्त्र परित्याग दिवस" बारे प्रवचन दिनु हुँदै बिजया दशमीको महत्त्व बौद्ध जगतमा भएको ऐतिहासिक प्रमाणलाई अघि सार्दै प्रवचन कार्यक्रम सम्पन्न गर्नुभयो । उक्त २२६४ औं शस्त्र परित्याग दिवस कार्यक्रममा पुच:का सचिव राजकृष्ण बाडेले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने तुलसी कुमार प्रजापतीले सभा संचालन गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा शिबभक्त मेजुले आफ्नो छोटो मन्तव्य सहित पुण्यानुमोदन गरी सभा विसर्जन गरिएको थियो ।

## विपश्यना ध्यान केन्द्रका लागि जग्गा प्रदान

काठमाडौं, (नेस)

समाजसेवी स्व. अष्टमान वज्राचार्यको स्मृतिमा पोखरामा विपश्यना ध्यान केन्द्र स्थापना गर्ने उद्देश्यले उहाँकी धर्मपत्नी रत्नदेवी वज्राचार्य र छोरा डा. दीपक वज्राचार्यले १६ रोपनी जग्गा प्रदान गर्ने घोषणा गर्नुभएको छ ।

काठमाडौं स्वयम्भू चक्रपथका अष्टमंगल वज्राचार्यको निधनको प्रथम वार्षिक पुण्यतिथिको अवसरमा पोखरामा हालै आयोजित श्रद्धाञ्जलि कार्यक्रममा घोषणा गरिएको सो जग्गा लेखनाथ नगरपालिका वडा नं. ११ बेगनास तालको किनारामा रहेको छ ।

हाल काठमाडौंमा सञ्चालन भइरहेको नेपाल विपश्यना ध्यान केन्द्रको पोखरामा शाखा खोल्न उक्त जग्गाले सहयोग पुग्ने विश्वास दाता वज्राचार्य परिवारले गरेको छ ।

केन्द्रको शाखा खोल्नका लागि स्थानीय बासिन्दाहरूको सहभागितामा पूर्वाधार तयारी समिति पनि गठन गरिएको छ । समितिमा कृष्णबहादुर केसी, कृष्णबहादुर थापा, ध्रुवनाथ अधिकारी, दुर्गाप्रसाद अधिकारी, दिननाथ ढकाल, विष्णुहरि पौडेल, विष्णुबहादुर भुजेल, बाबुराम लामिछाने, डम्बरबहादुर परियार, चन्द्रकान्त पौडेल, खेमनाथ भट्टराई, इमानसिंह गुरुङ र तारामणि घिमिरे गरी १३ जना रहनुभएको छ ।

स्व. वज्राचार्यका परिवारको उपस्थितिमा भएको श्रद्धाञ्जलि सभामा तीर्थनारायण मानन्धरले उहाँको जीवनीमाथि र डा. सुमिता मानन्धर गुरुङले विपश्यना ध्यान केन्द्रको औचित्यमाथि प्रकाश पार्नुभएको थियो ।

## मुना ज्या

२०५९ असोज १२ गते, शनिवार ।

स्थान- भोजपुर टक्सार बौद्ध शाक्य समाज, काठमाडौं ।

भोजपुर टक्सार बौद्ध शाक्य समाजया लय् लय् पतिकं ज्वीगु मुनाज्या भाजु बुद्धदाश शाक्यया नायोत्त्वय् क्वचा:गु दु । पञ्चशील प्रार्थना यासे परित्राण पाठ याना: न्ह्याकूगु थुगु मुना ज्याय् आवंलि सम्पन्न ज्वीगु मचा जंको, बुरा जंको, चुडा कर्म आदि ज्याङ्वस अय्ला, थ्वँ व ला मत:से बुद्धया शिक्षा अनुसार व्यवहारिक ज्या न्ह्याकेगु निर्णय जूगु समाचार दु ।

★ **मनमा उत्पन्न हुने चार क्लेशहरूलाई कर्म क्लेश भनिन्छ । यिनीहरू त्याग गर्न योग्य छन् । यी हुन्–**
१) मार्नु २) चोर्नु ३) व्यभिचार गर्नु ४) झूठो बोल्नु ।

★ **चार इरियापथ भन्नाले शरीरका चार अवस्थाहरू बुझिन्छन्–**
१) उठ्नु २) बस्नु ३) हिंडडुल गर्नु ४) लेट्नु ।

★ **मृत्यु चार प्रकारले हुन सक्छन्–**
१) आयु सकिएर २) कर्म सकिएर ३) उभय (= आयु र कर्म दुबै) सकिएर ४) अकाल मृत्यु ।

★ **तल्लेरी सम्झी हेप्न नहुने चार जीवहरू–**
१) क्षेत्री राजकुमार २) सर्प ३) आगो ४) भिक्षु ।

★ **चार जीवहरू दौड्नु अशोभनीय मानिन्छन्–**
१) भिक्षु २) स्त्री ३) राजा ४) मंगल हात्ती ।

★ **चार प्रकारका प्रकाशहरू–**
१) चन्द्रमाको प्रकाश २) सूर्यको प्रकाश ३) आगोको प्रकाश ४) प्रज्ञाको प्रकाश ।

*साभार: बौद्ध दर्पण*

# शस्त्र परित्याग दिवसः

## धर्म विजयबाट विश्व शान्तिको शन्देश

*प्रस्तोताः शास्त्रपति पण्डित भिक्षु आनन्द*

(भिक्षु आनन्द सन् १९८१ (२०३८) सालमा पूज्य अश्वघोष महास्थविरको आचार्यत्वमा लुति, धल्कोस्थित संघाराम विहारमा प्रव्रजित हुनुभएको थियो । सन् १९८३ देखि १९९९ सम्म श्रीलंकामा अध्ययन गर्नुभई राजकीय पण्डित उपाधि, कोलम्बो विश्वविद्यालयबाट बि.ए. उपाधि तथा बौद्ध सह पालि विश्वबिद्यालयबाट एम.ए. उपाधि हासिल गर्नु भएको थियो । धर्म प्रचारको सिलसिलामा वहां १९९९ मा बेलायत र २००१ मा दक्षिण अफ्रिकाको केन्यामा भ्रमण गर्नुभयो । हाल वहां त्रिभुवन विश्वविद्यालयमा बौद्ध अध्ययन सम्बन्धि Post Graduate Diploma पाठमाला पढाउने काम गर्नुहुन्छ ।

*प्रकाशक तथा वितरक*

**थेरबाद बौद्ध दायक केन्द्रिय परिषद,**
धर्मचक्र विहार, बागवजार
फोन २६१९७६

### शस्त्र परित्याग दिवसः धर्म-विजयबाट विश्व शान्तिको सन्देश

### १. पृष्ठभूमि

इतिहासमा हिंसा र आतंकले शान्तिको स्वास फेर्न सकेको अवस्था आजसम्म कतै कुनै देशमा सृजना नभएको कुरा सबैलाई बिदितै छ । बरु युद्धको भीषण परिस्थितिबाट सृजित चिच्याहट र मर्माहत, बिध्वंश र विनास दिनदिनै हाम्रै आंखा अगाडि देखि रहेका छौं, भोगिरहेका छौ । दुई बिध्वंशात्मक विश्व युद्ध, हजारौं गृहयुद्ध, शीतयुद्ध, क्षेत्रीय युद्ध तथा रसायनिक युद्धबाट विश्व जनजीवन अस्तव्यस्त भई दुःख पिडा जस्ता काहालि लाग्दा अप्रिय घटनाहरू घट्नु सिवाय मानव जीवनमा अद्यापि शान्ति र सुखले ठाउँ पाउन सकेको छैन । आज संयुक्त राष्ट्र संघ (यू. एन. ओ.) स्थापना भएको आधा शताब्दी नाघीसक्दा पनि विश्व शान्तिको मूलभूत बाधक तत्व युद्धको उन्मूलन गर्न सकिएको छैन । बरु युद्धले अझै मोड लिई आज सामान्य गृहयुद्धबाट एक्काइसौं शताब्दीसम्म पुग्दा सेकेण्ड भरमा विश्व नै बिध्वंश गर्न सक्ने परमाणु युद्धमा परिणत भइसकेको छ । हाम्रै छिमेकी मित्रराष्ट्रहरू पनि त्यही परमाणु युद्धको होडबाजिमा होमिरहेका छन् । एकातिर विश्व शान्तिको नारा, छलफल, बहस हुंदाहुँदै अर्कातिर हत्या, हिंसा, आतंक दिन प्रतिदिन बढ्दैछन् । चाहना नहुंदा नहुँदै यी अप्रिय घटनाहरू घट्नुको मूलभूत कारण तथा तथ्य के हो बुझ्नु जरुरी छ ?

### २. सम्राट अशोक : देश बिजयबाट धर्म-विजयमा

माथि उल्लेखित मानव समस्याहरू समाधानको लागि यहांनिर बिशिष्ट बौद्ध जन नायक सम्राट अशोक शस्त्र परित्याग घटना तथा धर्म-विजय संकल्प स्मरण गर्नु आजको दिनमा सान्दर्भिक बन्दछ । बुद्ध वर्ष २०० अथवा ई.पू. ३०० वर्ष अगाडि भारतीय उपमहाद्विपमा जन्मनु भएका सम्राट अशोक बल तृष्णा र अधिकारको होडबाजिमा आफ्नै दाजुभाईहरूको नृशंस हत्या गरेका थिए । त्यतिमा अतृप्त अशोक चण्डाशोकको मूर्त रूप लिई वरिपरिका छिमेकी राष्ट्रहरू आक्रमण गरी हिंसा र आतंक मच्चाई धनजनको ठूलो बिध्वंश गरे । कलिंगको युद्धमा मात्र करिब १ लाख ५० हजार मारीएको आशंका गरिएको छ । उनले देश विजय त गरे, तर मनो विजय बाट टाढा भए । आफ्नो बल र पराक्रमले हजारौं मार्न र देश बिजय गर्न सफल भएपनि आफ्नै मनको अशान्ति र उत्पीडनलाई जित्न सकेन । अन्तमा आफ्नै दाइको सुपुत्र बुद्ध धर्ममा दिक्षित श्रामणेर निग्रोध भन्तेबाट पाएको अमृतमय शान्तिको निर्देशनबाट जलिरहेको मुटुमा शितलताको अनुभव गरे । ७ वर्षको बालकमा देखिएको आध्यात्मिक सुख, चैन र आराम एउटा महान सम्राट संग नभएको कारण के होला बिचारणीय छ । आफ्नो इच्छा र आकांक्षा हिंसा र आतंकले सम्पूर्ण गरेतापनि मानिस पूर्ण रूपले सुखी र आनन्दित हुन सक्दैन भन्ने कुरा स्पष्ट हुन्छ । अतः हिंसा र आतंकबाट

सृजना गर्ने सबै शस्त्र अस्त्र, क्रूरता र निरंकुशता सदाका लागि त्याग गरे। चण्डाशोक धर्मशोकमा परिणत भए। देश देशावर बिजय गर्नु भन्दा मनोबिजयबाट धर्म बिजय अपनाइ मानव कल्याण गर्न सक्ने कुरा नै सशक्त र प्रभावकारी ठाने । अत: आफूलाई बिजया दशमीको दिनमा मानव कल्याण बुद्ध धर्ममा दिक्षित गराइ करुणा र दयाले ओतप्रोत भई हिंसात्मक तथा बिध्वंशात्मक शस्त्रको पत्याग मात्र नगरी आफ्नो जीवनलाई विश्व शान्तिको बृहत तथा उद्धार कार्यमा अर्पण गरे। जसबाट विश्वलाई अरुको बिजय गर्नुभन्दा आफ्नै बिजय गर्नु श्रेष्ठ तथा उत्तम बिजय हुन्छ भनि सत्य बिजयको सन्देश दिए।

**३. शान्तिको चाहना विपरित आज अशान्ति किन ?**

महान दार्शनिक तथा चिन्तक अल्बर्ड आइन्सटाइन भन्नुहुन्छ "परमाणु शक्तिले विश्वलाई नै चल्मल्याउन सकेपनि त्यही शक्तिले एक व्यक्तिको मनलाई नियन्त्रण गर्न सक्दैन ।" ("Atomic energy has even shaken the entire world, but it can not train one man's mind") यो भनाइमा आजको विश्व अशान्ति र आतंकवादले सशंकित भइरहेको मूलभुत कारणलाई प्रष्टयाएको छ। मानव समस्या समाधान गर्ने सिलसिलामा आजसम्म समस्याको मूलभूत कारणलाई यथार्थ रूपले बुझी समाधान गर्न खोजेको देखिदैन। नत्र एक्काइसौं शताब्दिको कम्प्यूटर तथा सुचना युगमा पनि मानव प्रवृति जंगली युगमा नदोहोरिनु पर्दथ्यो। हातमा रिमोट कन्ट्रोलको भरले आफ्ना दैनिक कार्यहरू र चाहनाहरू सजिलै गर्न सक्ने क्षमता तथा सुविधा एकातिर छन् भने अर्कातिर राति सुत्न जांदा निंद्रा लाग्ने औषधी (स्लिपिङ टाब्लेट्स) र बिहान उठ्दा हिरोइन जस्ता मादक पदार्थ (ड्रगस्) सूई लगाई दिन सुरुवाट गर्नुपर्ने परिस्थिति पनि हाम्रो सामु छ। एकातिर अंतरिक्ष सम्म पनि संचार गर्न सक्ने भाग्य उदाएको छन् भने अर्कातिर गरिबी, बेरोजगार, भोकमरी र आतंकवादबाट जन समाज पिडीत छन्। एक तर्फ प्रगति हुंदा अर्कोतर्फ दुर्गति हुने यो कारणको रहस्य के हो ? बिचारणीय छ।

**४. विकासको परिभाषा : आजको सन्दर्भमा**

तथाकथित भौतिकवादीहरू, अर्थविद्हरू, शिक्षाविद्हरू, वैज्ञानिकहरू तथा राजनीतिज्ञहरू जसले विश्व संरचना र विकासका सम्बन्धमा अनगिन्ति न्याय, सिद्धान्त, तर्क, बहस तथा योजना परियोजना प्रस्तुत गरे ती सबै एक पक्षीय तथा एकलौटे मात्र देखापरे। मानव जीवन मात्र भौतिक जीवनको रुपमा लिई अध्यात्मिक पक्षलाई कुनै महत्व दिएको देखिदैन। संयुक्त राष्ट्र संघको UNESCO, UNDP, UNICEF, WHO, ILO जस्ता बृहत् अन्तराष्ट्रिय संघ संस्थाबाट पनि रातादिन मानव जीवन उत्थान र विकासका लागि विविध कार्यक्रम तर्जुमा राखेका छन्। यति हुँदा हुँदै पनि पाइएका प्रतिविरोध तथ्यांकहरू दु:खदायी नै छन्। ती मध्ये:-

१. करिब १ बिलियन जनताहरू न्यूनतम गरीबीले पिडित छन्।
२. बर्षमा २४ मिलियन भन्दा बढि अस्वाभाविक दुर्घटनाबाट मरण घटना हुन्छन्।
३. एड्स रोगीहरू ३३ मिलियन भन्दा बढि छन्।
४. भोकमरीले पिडित विश्व जनगणनाको $^1/_2$ छन्।
५. मन्दपोषण शिशू संख्या ७८० मिलियन छन् भने बर्ष ५ मुनिका शिशु संख्या ४२ प्रतिशत छन्।
६. बाल कर्मचारीहरू मिलियन २५० छन् भने ५ वर्ष मुनिका बाल मृत्यु दर मिलियन १४ छन्।
७. विश्व आर्जनको ८५ प्रतिशत उपभोग गर्न जनसंख्या विश्व जनसंख्याको २३ प्रतिशत मात्र छन् भने ७७ प्रतिशत जनसंख्या विश्व आर्जनको खालि १५ प्रतिशत मात्र उपभोग गर्छन्।

माथि उल्लेखित तथ्यांकबाट आवश्यक रुपमा मानव हितकारी तथा पर्यावरण हितकामी सच्चा विकास नभएको कुरा स्पष्ट हुन्छ । वर्तमान विकास परिभाषा भित्र मनुष्य स्वभाव सह समाज प्रवृति उपरोक्त आकारले गलत दृष्टिमा प्रस्तुत गरिएको छ र त्यो सम्बन्धि परिभाषा अति सीमित क्षेत्रमा परिभाषित भएको देखिन्छ। यसर्थमा "मानिस" को परिभाषा लिखित रुपमा आर्थिक जीव (Economic-being) भौतिक जीव (Material-being) वाणिज्य जीव (Commercial-being) को रुपमा अर्थ लगाइएको पाइन्छ। तर मानिस आध्यात्मिक (Spiritual), मनोबैज्ञानिक (Psychological), साँस्कृतिक (Cultural) तथा सामाजिक (Social) जीवको रुपमा अर्थ लगाएको पाइंदैन।

आर्थिक तथा भौतिकबादीहरू "विकास" (Development) भन्ने शब्दको परिभाषा र कुरामा मात्र ध्यान दिईएको पाइन्छ।

Development (विकास): १. Progress (परिवर्तन)
२. Change (परिवर्तन)

यहाँ प्रगति भन्नाले दुइ कुरामा जोड दिइएका छन्।

**Progress** (प्रगति):

१. Growth in production (उत्पादनमा वृद्धि)

२. Growth in distribution (वितरणमा वृद्धि)

परिवर्तन (Change) भन्नाले दिन प्रतिदिन उत्पादन शैली (Mode of Production) मा परिवर्तन ल्याउनु हो जस्तै : प्राथमिक यन्त्र सूत्रबाट अत्याधुनिक सामानहरू उत्पादन गर्नु । आज भन्दा २० वर्ष अथवा ५० वर्ष अगाडि नदेखिएका अत्याधुनिक भौतिक साधनहरू उत्पादन गर्नु र बजारमा उपलब्ध गराउनु । त्यसरी नै कुनैपनि राष्ट्रको प्रगति यथा विकाश तौलने मापदण्ड हो PQLI जसको पूर्ण अर्थ Physical Quality of Life Index अर्थात् "भौतिक जीवन तत्व दर्शक" जसको तात्पर्य कुनै पनि देश भौतिक रुपमा के कति आकारले प्रगति भएको छ भन्ने तथ्यांक दर्शाउनु हो । जस्तै

१. वार्षिक प्रतिब्यक्ति आय दर (Per-Capita Income)
२. राष्ट्रिय उत्पादन दर (GNP)
३. साक्षरता (Literacy)
४. शिशु मृत्युदर (Infant mortality)
५. शिशु जन्मदर (Birth rate)
६. विदेशी ऋण (Foreign debt)
७. टेलिभिजन र रेडियोको प्रयोग इत्यादी ।

मानव जीवन विकास सम्बन्धि मापदण्ड रहेको देखिन्छ । तर बिडम्बना, ति विकासका मापदण्डहरू बीच कुनैपनि ठाउमा सदाचार, अनुशासन, नैतिकता, चरित्र, ज्ञानगुण र धर्म सम्बन्धि कुनै तथ्यांक मानव विकासको मापदण्डका रुपमा समावेश गरिएको पाइदैन । मानिस भन्ने संकल्प मात्र भौतिक विकासका सीमा भित्र सिमित गरिएको देखिन्छ । उसको मन, बिचार तथा भावनात्मक पक्षलाई ध्यान दिइएको पाइदैन । अर्को शब्दमा भन्ने हो भने मानिसको आध्यात्मिक पक्ष भन्दा भौतिक विकासको पक्षमा बढि जोड दिइएको पाइन्छ । परिणाम स्वरूप आज विश्व भौतिक विकासका चरम सीमामा पुगेपनि मानव जीवन त्यतिकै दु:खी, शोकी, आतंकित तथा उत्पीडित नै छन् । आज हरेक ब्यक्ति भौतिक सुख साधनले जति सम्पन्न भएपनि मानसिक तनावले उत्तिकै उत्तेजित पनि छन् । सबै थोक पाएर पनि मानिस आफूलाई केहि न केहि नपुगेको महसुस गर्दछ । मानिस झन्झन् स्वार्थी, आत्म केन्द्रित, ब्यक्तिगत र मतलबी बन्दैछन् । एक ब्यक्तिको अर्को ब्यक्ति प्रति सशंकित र असुरक्षित दृष्टिले ब्यवहार गर्छन् । आत्मीय तथा मानवीय गुणहरू हाम्रा हृदयबाट टाढा हुँदैछन् र समाजमा मानवीयताको मूल्य भन्दा पैसाको मुल्यलाई बढि महत्व, दिइएको पाइन्छ । पैसाको लोभमा आज मानिस जे जस्तो क्रूर हिंसात्मक अपराध गर्न पनि पछि पर्दैन । समाजमा दिन प्रतिदिन अपराधहरू जस्तै : चोरी, डकैति, लूटमार, काटमार, ब्यभिचार, घुसखोरी, गैरकानुनी ब्यापार बेश्याबृति जस्ता धर्म विरोधी समाज बिरोधी, नैतिक बिरोधी चन्दाहरू बढ्दैछन् । अर्कातिर भौतिक जीवनमा सबैथोक पाएर पनि मानसिक तनाव, चिन्ता र अशान्तिले ग्रस्त यूवापिंढीहरू हिप्पि (Hippie) र पंक्स (Punks) जस्तो बिकृति संस्कृती अंगालेर आफुलाइ तनावमुक्त संसारमा भुलाउन मादक पदार्थ सेवन वेगवत् संगित तथा स्वतन्त्र यौनचर्या जस्तो अंध्यारो मार्गमा होमिदै छन् । १९६०-७० तिर यो बिकृति उप संस्कृतिले पुरा यूरोप तथा अमेरिकानु महाद्विपलाई नै खल्बल्याएको थियो । फलस्वरूप यूरोप तथा अमेरिकामा मानसिक अस्पतालहरूको संख्या बढ्दै गए । मानसिक बिकृतिका फलस्वरूप हिप्पि यूवापिंढिहरू यूरोप तथा अमेरिकाका प्रमुख पार्कहरूमा आफ्ना इच्छा अनुसार जे जस्तो पनि गर्न पाइने र कसैको रोकटोक नहुने भएकोले नै "Do your own things capital of the Western World" अर्थात आफूलाई चाहेजस्तो गर्न पाइने पश्चिमी देशका राजधानीको रुपमा नामाकरण गरेका थिए । ठिटा ठिटीहरू नांगै बसी आफ्ना चाहनाहरू ब्यक्त गरेता पनि कसैलाई कसैको रोकटोक हुदैन । आज नेपाल जस्तो तेस्रो विश्वका देशहरूका पनि यस्तो बिकृति संस्कृतिले आक्रमण गरिसकेको छ ।

उपरोक्त कारणबाट यो प्रष्ट हुन्छ कि जबसम्म मानिसको आध्यात्मिक तथा मनोबैज्ञानिक विकास हुन सक्दैन तबसम्म मानव समाज पूर्णरूपले बिकसित हुन सक्दैन । प्रसिद्ध बौद्ध बिद्वान डा. के. श्री धम्मानन्द भन्नुहुन्छ : "मानिस" भनेको "मन" भएको ब्यक्ति हो । मन हुनु नै सही तरिकाले सोच्नु हो । सही तरिकाले सोच्नु भनेको राम्रो र नराम्रो पक्षलाई छुत्याउनु हो । राम्रो र नराम्रो पक्षलाई छुत्याउनु भनेको नै मानिस पशुको स्तरबाट अलग्याउनु अथवा उचाल्नु हो ।

"Man means one who possess mind. Mind helps to think correctly. To think correctly means to raise above the level of animal status."

अमेरिकी समाजशास्त्री Harbert Marcus भन्नुहुन्छ : "साँच्चैको विकास हुन मुख्य २ कुरामा जोड दिनु पर्दछ ।"

१. प्राकृतिक पर्यावरणको विकास
(Natural Environmental Development)

२. मानव पर्यावरणको विकास
(Human Environmental Development)

उपरोक्त दुई विकास क्षेत्रले ओगटेको मुख्य तीन कुरा छन् । ती हुन् :

१. सामाजिक विकास
(Social Development)

२. सांस्कृतिक विकास
(Cultural Development)

३. मनोवैज्ञानिक विकास
(Psychological Development)

सामाजिक विकासले वातावरण, पर्यावरण र त्यस भित्र जिउने जीवजन्तुलाई समेटेको छ । सांस्कृतिक तथा मनोवैज्ञानिक बिकासले मानव जीवनमा मानसिक, आध्यात्मिक तथा धार्मिक पक्षलाई समेटेको छ । यसरी भौतिक तथा आध्यात्मिक दुबै पक्षमा बराबर विकास भएको खण्डमा मात्र मानव जीवन तथा मानव समाज परिपूर्ण रूपले विकास भएको ठहरिन्छ ।

**५. अशोकको धर्म बिजयः**

बुद्ध धर्ममा दिक्षित सम्राट अशोक शस्त्र परित्याग गरी प्राणी मात्रको कल्याण गर्ने काममा लाग्नु भयो । यस सिलसिलामा वहांले गर्नु भएको पहिलो कार्य थियो शीलास्तम्भमा राजाज्ञाहरू कुंडी भारतीय उपमहाद्वीप भरी धर्म अनुसार राज्य चलाउनु । धर्म अनुसार राज्य चलाउने क्रममा वहांले कुंड्न लगाएका शीलास्तम्भ उल्लेखित केही धार्मिक, नैतिक उपदेशहरू यस प्रकारका छन् :

१. प्राणि हिंसा र मानव तथा पशुको बलिमा रोक लगाएको

२. मानिस र जनावरको लागि छुट्टा छुट्टै अस्पतालहरूको स्थापना, विभिन्न स्थानहरूमा जुडिबुटि उमारेको, राजमार्गमा रुखहरू रोपेको, ठाउँ ठाउंमा इनारहरू खनेको ।

३. बिभिन्न धार्मिक सम्प्रदायहरू बिच सद्भावको लागि धार्मिक पदाधिकारीहरु महिला विभागका मन्त्रि तथा पशु निकुञ्जका निर्देशकको नियुक्ति गर्नु ।

४. धर्मको बिजय नै सर्वोच्च विजय हो भन्ने सम्झी आफ्ना साम्राज्य वरपरका राज्यहरूमा धर्म प्रचार को लागि दूतहरू पठाउनु ।

**६. विजया दशमी : नेपालको सन्दर्भमा**

नेपालमा बर्षौदेखि मनाई आएका विजया दशमी सांच्चै अर्थपूर्ण तथा मानव हीतकारी छ त भन्ने कुरा विचारणीय छ । पुश बलि चढाई भगवानको नाममा हजारौं संख्यामा अहिंसक जनावरहरूको निर्मम हत्या गरी भगवानको अगाडि रगतको खोलो बगाउँदै आफ्नो प्रथा कतिको धार्मिक तथा नैतिक पक्षलाई सुहाउँछ भन्ने बारेमा सोच्नु जरुरी छ । कतै कतै मानिसको स्वार्थको लागि पनि धर्म र भगवानलाई अगाडि सारी आफ्नो पेट भर्ने चाडपर्व मनाइरहेका छन् । यदि भगवान सांच्चिकै महा करुणावान् दयावान छन् भने मरण भयले आतंकित तथा भयभीत सीधासाधा जनावरहरूको चिच्चाहट र मर्माहतलाई बुझी भगवानको नाममा हिंसा र आतंक मच्चाउने भक्तहरूलाई श्राप दिनु पर्ने हो । पशुबलि भनेको त मानव मलको पशु पवृतिलाई सदाका लागि बलि दिनु अथवा त्याग गर्नु हो ।

**७. उपसंहारः**

शस्त्र परित्यागको तात्पर्य नै मानिस केवल हिंसात्मक प्रवृत्तिलाई निम्त्याउने घातक हातहतियारको परित्याग मात्रै नभइकन ती घातक शस्त्र तथा हिंसात्मक प्रवृत्ति अंगाल्ने मानव चेतनालाई परित्याग गर्नु हो । मानिसको मानसिक विकासले नै उसको व्यवहार वचनमा सदाचारिता झल्किन्छ । व्यवहारमा विकास हुनु नै समाज र देशको विकास हुनु हो । अतः आजको शस्त्र परित्याग दिवसमा घातक प्रवृत्तिका मनोभावरूपी शस्त्रहरूलाई परित्याग गरी मानव कल्याण आवरण र अनुशासनबाट विश्व कल्याणको वातावरण सृजना गरी विश्व शान्ति फैलाउन अठोट र अधिस्थान गरौं ।

यस कार्यपत्र प्रस्तुत गर्ने अवसर प्रदान गर्नु भएकोमा थेरवाद बौद्धदायक केन्द्रिय परिषदलाई हार्दिक साधुवाद छ । साथै यस कार्यपत्रको मुद्रण व्यवस्था गर्नुभएकोमा पिपली थेरवाद बुद्ध विहारलाई सधन्य कृतज्ञता ज्ञापन गर्दछु ।

**सब्बे सत्ता भवन्तु सुखितत्ता !**

विजया दशमी
२०५२ आश्विन २९, मंगलवार

बा.अ.का.द.नं. - ७०/०४०/४१

## कथिन उत्सव समारोह समापन

बुद्ध सम्बत् २५४६ औं वर्षको वर्षावास समापन भएको उपलक्षमा विभिन्न विहारहरूमा कथिन चीवरदान उत्सव समारोह सम्पन्न भएको समाचारहरू प्राप्त भएका छन् । विभिन्न दाताहरूको सौजन्यमा समापन भएका उक्त समारोहहरूमा भिक्षुहरूको तर्फबाट धर्मदेशना भएको थियो

| मिति | विहारको नाम | दाताको नाम |
|---|---|---|
| कार्तिक ५ गते | गण महाविहार | कर्ण कुमारी राजकर्णिकार सहित सपरिवार |
| कार्तिक ६ गते | शिखलापुर विहार, धुलिखेल | धर्मकीर्ति मिजंपुच: |
| कार्तिक ७ गते | यम्पि विहार | जापानी |
| कार्तिक ८ गते | पद्म सुगन्ध विहार, मजिपात | ज्ञान देवी बज्राचार्य, टेकु |
| कार्तिक ९ गते | विश्व शान्ति विहार, मीन भवन | मलेशिएन |
| कार्तिक १० गते | सुमंगल विहार, ललितपुर | मलेशिएन |
| कार्तिक ११ गते | दिव्याश्रम विहार, मातातीर्थ | दिव्याश्रम विहारका उपासक उपासिकाहरू |
| कार्तिक १२ गते | धर्मचक्र विहार<br>बागवजार काठमाडौं | विष्णु देवी मानन्धर सहित सपरिवार तथा<br>धर्मचक्र विहारका उपासक उपासिकाहरू |
| कार्तिक १३ गते | पूर्वाराम बिहार, धुलीखेल | बाबुकाजी, मोहनदेवी महर्जन |
| कार्तिक १४ गते | जितवन बौद्ध विहार, थानकोट | रामकुमारी मानन्धर सहित सपरिवार |
| कार्तिक १५ गते | शाक्य सिंह बिहार थैना<br>ललितपुर | धन मैजु भवानी, भक्ति परिवार सहित<br>शाक्य सिंह विहार यल । |
| कार्तिक १६ गते | अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र<br>शंखमूल | हर्षरत्न ताम्राकार परिवार |
| कार्तिक १७ गते | | |
| कार्तिक १८ गते | | |
| कार्तिक १९ गते | | |
| कार्तिक २० गते | | |
| कार्तिक २१ गते | | |
| कार्तिक २२ गते | बोधिचर्याविहार, बनेपा | राममाया प्रमुख सपरिवार |
| कार्तिक २३ गते | बौद्ध समकृत विहार, भक्तपुर | पंचमाया बज्राचार्य सपरिवार र उपासकोपासिकाहरू |
| कार्तिक २४ गते | मुनि विहार, भक्तपुर | थाई उपासक |
| | संघाराम भिक्षु तालिम केन्द्र, ढल्को | धर्मरक्षिता गुरुमां रत्नकुमारी र धर्मलक्ष्मी शाक्य |
| कार्तिक २५ गते | | |
| कार्तिक २६ गते | | |
| कार्तिक २७ गते | | |
| कार्तिक २८ गते | पाटी विहार, ठिमी<br>चारुमती विहार | –<br>उपासक उपासिका पुच: |
| कार्तिक २९ गते | | |
| कार्तिक ३० गते | राजकीय विहार, लुम्बिनी | – |
| | मणिमण्डप विहार, ललितपुर | पुंचली पासा पुच: सहित सबै उपासकोपासिकाहरू |
| मंसिर १ गते | श्रीघ: विहार, | रत्न शोभा डंगोल सहित सपरिवार |
| मंसिर २ गते | ध्यानकुटी विहार, बनेपा | उपासिकाहरू शारदा तुलाधर<br>चलीशोभा कंसाकार, पंच कुमारी नकर्मि |
| मंसिर ३ गते | आनन्दकुटी विहार स्वयम्भू | पुतलि देवी शाक्य |

मुद्रक : न्यू नेपाल प्रेस *प्रधान कार्यालय :* नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१५, काठमाडौं । फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
*व्यापारिक कार्यालय :* शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८